## महान्यायाधिवक्ताको कार्यालयको
## दोस्रो पञ्चवर्षिय रणनीतिक योजना

### परिदृश्य (Vision)

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

### परिलक्ष्य (Mission)

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रूपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

### मूल्यहरू (Values)

- स्वच्छ सुनुवाइ,
- कानूनको शासन,
- कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्बन,
- मानवअधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन,
- सार्वजनिक हितको संरक्षण,
- पीडित मैत्री र न्यायमा सहज पहुँच,
- व्यावसायिक स्वायत्तता र उन्मुक्ति,
- उत्तरदायित्व र जवाफदेहिता,
- निरन्तर सुधार र सिकाई,
- नैतिकता र सदाचार,
- लैंगिक मैत्री र विविधताको सम्बोधन,
- समावेशिता ।

# अभियोजन परीक्षणसम्बन्धी अध्ययन प्रतिवेदन




प्रकाशक

महान्यायाधिवक्ताको कार्यालय

रामशाहपथ, काठमाडौं

# अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

प्रकाशक

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

## अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

अध्ययन समूह

| | | |
|---|---|---|
| अनुगमनकर्ता | : | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम |
| संयोजक | : | सचिव श्री राजनप्रसाद भट्टराई |
| सदस्य | : | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |
| सदस्य | : | सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा |
| सदस्य | : | सहन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापा |
| सदस्य | : | सहन्यायाधिवक्ता श्री भरतलाल शर्मा भट्टराई |
| सदस्य | : | उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक |
| सदस्य | : | उप रजिष्ट्रार श्री विकास श्रेष्ठ, सर्वोच्च अदालत |
| सदस्य | : | शाखा अधिकृत श्री शान्तिप्रसाद लुईटेल |
| सदस्य सचिव | : | शाखा अधिकृत श्री सविता शर्मा |

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल

प्रकाशन प्रति : ६०० प्रति

प्रकाशन मिति : २०७४ असार

# विषय सूची


**परिच्छेद-एक**
**प्रारम्भिक**

१.१ पृष्ठभूमि १
१.२. अध्ययनको उद्देश्य ४
१.३. अध्ययन कार्यदलको गठन ४
१.४. अध्ययन कार्यदलको कार्यादेश र सीमा ५
१.५. अध्ययन विधि ७
१.६. अध्ययनको संरचना ७

**परिच्छेद-दुई**
**अभियोजन सम्बन्धी अबधारणा र कानुनी व्यवस्था**

२.१. अभियोजन सम्बन्धी अबधारणा ८
२.२. अभियोजन सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था ९
२.३. अभियोजनको विद्यमान अवस्था ११
२.४. अध्ययनसँग सम्बन्धित चार प्रकारका मुद्दाको अभियोजनको विद्यमान स्थिति १४

**परिच्छेद तीन**
**अध्ययन गरिएका मुद्दामा अभियोजनको अवस्था**

३.१. अध्ययन गरिएका मुद्दाको प्रकृति १८
३.२. अध्ययन गरिएका मुद्दाको अभियोजनको अवस्था १८
३.२.१ अपहरण तथा शरीर बन्धक १९
३.२.२. मानव वेचविखन तथा ओसारपसार ३१
३.२.३. वैदेशिक रोजगार ४५
३.२.४. लागू औषध ५४

**परिच्छेद चार**
**अध्ययनबाट देखिएको तथ्य, निष्कर्ष र सुझाव**

४.१. अध्ययनबाट देखिएको तथ्य ६६
४.२ .निष्कर्ष ८३
४.३. सुझाव ८४
अनुसूची
तथ्यांक संकलन गर्न तयार गरिएको प्रश्नावलीहरु ८७

# परिच्छेद - एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

समाजमा हुने अपराधिक कृयाकलापहरु नियन्त्रण गर्ने, घटित अपराधहरुको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर अभियोजन गर्ने, पीडितलाई न्याय प्रदान गरी समाजमा शान्ति व्यवस्था कायम गर्ने फौजदारी न्याय प्रणालीको उद्देश्य हो । घटित अपराधको प्रभावकारी र वस्तुनिष्ठ अनुसन्धान हुन सकेमा अभियोजन प्रभावकारी हुन्छ र प्रभावकारी अभियोजनवाट नै कसूरदारले कानुनले तोकेको दण्ड पाउने र त्यसबाट कानुनको कार्यान्वयन भै समाजमा शान्ति सुव्यवस्था कायम हुन सक्दछ । जसबाट अन्ततः पीडितले न्याय प्राप्त गर्ने, समाजमा दण्डहीनता अन्त्य हुने र कानूनको शासन स्थापना हुन सक्छ । अभियोजन प्रणालीको प्रमुख उद्देश्य अपराध गर्ने व्यक्तिलाई सजाय दिलाउनु र संभावित अपराधीलाई अपराध गर्नबाट हतोत्साहित गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्नु हो । नेपालको संविधानले नेपाल सरकारको तर्फबाट कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष अभियोजन गर्ने नगर्ने सम्बन्धी जिम्मेवारी महान्यायाधिवक्तामा निहित राखेको छ ।* महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी

* नेपालको संविधानको धारा १५८(२)





वकीललाई तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको छ ।* सोही आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतका मुद्दामा अनुसन्धानकर्ताबाट अनुसन्धान सम्पन्न भै प्राप्त मिसिल अध्ययन गरी सवुद प्रमाणबाट मुद्दा चलाउनु पर्ने देखिएमा सम्बन्धित सरकारी वकीलले निर्णय गरी मुद्दा हेर्ने अधिकारी समक्ष अभियोगपत्र दायर गर्दछन् भने सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची बाहिरका नेपाल सरकार वादी हुने भनी उल्लेख गरिएका फौजदारी मुद्दामा अनुसन्धानकर्ताबाट तहकिकात भै मुद्दा चलाउने वा नचलाउने निर्णयका लागि प्राप्त मिसिलमा मुद्दा चलाउने देखिएकोमा सरकारी वकीलले निर्णय गरी सो निर्णयका आधारमा अनुसन्धान अधिकृतले अभियोगपत्र दायर गर्दछन् । सरकारी वकीलबाट मुद्दा चलाउने आधार अनुसन्धानबाट संकलित प्रमाण हुन् । प्रमाण पर्याप्त नभएमा सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गर्न सक्दछन् भने थप प्रमाण संकलन हुन सक्ने भएमा थप अनुसन्धान गरी पठाउन सम्बन्धित अनुसन्धानकर्तालाई निर्देशन दिन सक्ने व्यवस्था पनि रहेको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ का मुद्दामा सरकारी वकीलले प्रारम्भिक प्रतिवेदन प्राप्त भए पश्चात र अनुसन्धानको कुनै पनि क्रममा अनुसन्धानकर्तालाई अनुसन्धान र प्रमाण संकलनका सम्बन्धमा निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । अनुसन्धानलाई प्रभावकारी र विधिसम्मत बनाउन यो व्यवस्था गरिएको हो । अभियोजन गर्दा सरकारी वकीलले स्वच्छ र निष्पक्ष रुपमा प्रमाणको विश्लेषण गर्नुपर्ने मान्यता रहेको छ । विना आधार र प्रमाण अभियोजन हुन सक्दैन । कसूर अपराध भएको प्रमाणित गर्ने आधार भएकोमा र कसूरमा अमुक व्यक्तिको संलग्नता पुष्टि भएको आधारमा अभियोजन

* नेपाल राजपत्र मिति २०७२।६।३

गरिनु पर्दछ । कानुनले हुने सजाय र कसूरमा देखिएको संलग्नता नै अभियोजनको आधार हो । जथाभावी र विना प्रमाण कसै उपर मुद्दा चलाउनु हुदैन भने प्रमाणबाट कसूरमा संलग्नता देखिएकोमा अभियोजन नगर्नु पनि हुदैन । हाम्रो अभियोजन गर्ने अभ्यासलाई हेर्दा अधिकतम रुपमा मुद्दा चलाउने गरेको देखिन्छ । आ.व. ०७१।७२ को महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा लगभग ९९.४ प्रतिशत मुद्दामा अभियोजन भएको देखिन्छ । अभियोजनको सफलता हेर्दा जिल्ला अदालततर्फ ६५ प्रतिशत मुद्दामा कसूर कायम भएको अवस्था छ । यसले अभियोजन गरिएका मुद्दामध्ये लगभग ३५ प्रतिशत मुद्दाको अभियोजन कमजोर रहेको देखिन्छ । अर्थात सरकारी वकीलबाट भएका अभियोजन मध्ये ३५ प्रतिशत मुद्दामा अदालतबाट पूर्ण रुपमा सफाई भएको अवस्था छ । यसले अभियोजन कार्यमा कमजोरी वा त्रुटी रहेको देखाउँछ । तथापि अनुसन्धानमूलक ढंगले अभियोजन कार्यको अध्ययन हुने गरेको पाईदैन । अभियोजन भएका मुद्दामा प्रमाणको यथोचित मूल्यांकन गरी कसूरमा संलग्नताका आधारमा अभियोजन भएको छ छैन ? के कस्ता आधारमा मुद्दा चलाउने र अभियोग लगाउने कार्य भै रहेको छ ? अभियोजनकर्ताले अभियोजन गर्दा कानुनको प्रयोगमा एकरुपता कायम गरिएको छ छैन भन्ने अनुसन्धान गर्न आवश्यक हुन्छ । यसबाट अभियोजन कार्यको परीक्षण भै त्रुटीपूर्ण रुपमा हुने गरेका अभियोजन कार्यको पहिचान हुने र सही र उचित अभियोजन गर्ने क्षेत्रमा सुधारका प्रयासहरु थाल्न सकिन्छ । यसै उद्देश्यबाट सरकारी वकीलबाट अभियोजन गरिएका मानव वेचविखन, वैदेशिक रोजगार, लागू औषध र अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दाको मिसिलहरुको अवस्थाको अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले अभियोजन परीक्षण सम्बन्धी यो अध्ययन गरिएको छ ।





## १.२. अध्ययनको उद्देश्यः

यस अध्ययनका निम्न उद्देश्य रहेका छन् ।

- अनुसन्धानमूलक ढंगले अभियोजन कार्यको परीक्षण गरी अभियोजनको अवस्था प्रस्तुत गर्ने ।
- संलग्न प्रमाणको यथोचित मूल्यांकन गरी कसूरमा संलग्नताका आधारमा अभियोजन भएको छ छैन ? के कस्ता आधारमा मुद्दा चलाउने र अभियोग लगाउने कार्य भएको छ भन्ने कुराको विश्लेषण गर्ने ।
- अभियोजनकर्ताबाट अभियोजन गर्दा कानुनको प्रयोगमा एकरुपता कायम गरिएको छ छैन भन्ने अध्ययन गर्ने ।
- अभियोजन कार्यको परीक्षण गरी त्रुटीपूर्ण अभियोजन पहिचान गर्ने र उचित अभियोजन गर्ने दिशामा सुधारका लागि सुझाव प्रस्तुत गर्ने ।

## १.३. अध्ययन कार्यदलको गठनः

महान्यायाधिवक्ताको कार्यालयको मिति २०७२।८।१८ को निर्णयानुसार अभियोजन परीक्षण सम्बन्धी प्रस्तुत अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय अनुसार मुद्दाको प्रभाव मूल्यांकन/अभियोजन परीक्षण कार्यदलको गठन भएको थियो ।

| | |
|---|---|
| अनुगमनकर्ता | : नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम |
| संयोजक | : सचिव *श्री राजनप्रसाद भट्टराई |
| सदस्य | : सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |

* अध्ययन समूह गठन हुँदा सहन्यायाधिवक्ता हुनुहुन्थ्यो ।

सदस्य : सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा
सदस्य : सहन्यायाधिवक्ता* श्री सुरेन्द्र बहादुर थापा
सदस्य : सहन्यायाधिवक्ता *श्री भरतलाल शर्मा भट्टराई
सदस्य : उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक
सदस्य : उप रजिष्ट्रार श्री विकास श्रेष्ठ, सर्वोच्च अदालत
सदस्य : शाखा अधिकृत श्री शान्तिप्रसाद लुइटेल
सदस्य सचिव : शाखा अधिकृत श्री सविता शर्मा

**सहयोगी कर्मचारी**

ना.सु. श्री दधिराम बराल
कार्यालय सहयोगीः श्री आत्माराम भण्डारी

**१.४. अध्ययन कार्यदलको कार्यादेश र सीमाः**

कार्यदललाई बाँके जिल्लामा चालु अवस्थामा रहेका अपहरण तथा शरीर बन्धक मुद्दा, सुनसरी जिल्लामा चालु अवस्थामा रहेका लागु औषध मुद्दा, मकवानपुर जिल्लामा चालु अवस्थामा रहेका मानव वेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा र काठमाडौंमा चालु अवस्थामा रहेका वैदेशिक रोजगार सम्बन्धी मुद्दाका मिसिल अध्ययन गरी अभियोजन कार्यको परीक्षण गर्ने र कार्यदलले कार्य प्रारम्भ गरेको मितिले ६ महिनाभित्र अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने समयसीमा रहेको थियो । यसका अलावा कार्यदललाई निम्न अनुसार कार्यादेश रहेको थियो ।

* अध्ययन समूह गठन हुँदा उपन्यायाधिवक्ता हुनुहुन्थ्यो ।



अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

- अभियोगपत्रमा अभियुक्तको नाम, थर र वतन खुलेको कागज संलग्न छ छैन ?
- अभियोजन गर्दा अनुसन्धानबाट स्थापित भएको तथ्य एवं प्रमाणमा आधारित भै उचित कानुनको प्रयोग भएको छ छैन ?
- अभियोगपत्रमा प्रति अभियुक्त कसूर किटान गरी दावी गरिएको छ छैन?
- अभियोगपत्रमा अभियोजनलाई पुष्टि गर्ने साक्षी प्रमाणको उचित प्रस्तुति भएको छ छैन ।
- अभियोजन गर्दा अनुसन्धान पूर्ण भएको अवस्था छ छैन ?
- अभियोजनकर्ताले आफ्नो जिम्मेवारी पूर्णरुपमा पूरा गरेको छ छैन ?
- अन्य थप विषयमा अध्ययन गर्नुपर्ने आवश्यक देखिएमा सो को समेत अध्ययन गर्ने ।
- अध्ययन कार्यदलले योजना तथा अनुसन्धान विभागसँग समन्वय गरी गर्ने ।
- अध्ययनका लागि कार्याबधि कार्य प्रारम्भ गरेको मितिले ६ महिनाको हुने ।

सोही कार्यादेशको सीमा भित्र रही प्रस्तुत अध्ययन गरिएको छ । बाँके जिल्लामा चालु अवस्थामा रहेका अपहरण तथा शरीर बन्धक मुद्दा १२ वटा रहेका र मकवानपुर जिल्लामा चालु अवस्थामा मानव वेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा ४ वटा मात्र रहेकाले सबै मुद्दालाई अध्ययन गरिएको र सुनसरी जिल्लामा चालु अवस्थामा रहेका लागु औषध मुद्दा मध्ये २८ वटा मुद्दा र वैदेशिक रोजगारका चालु ३० वटा

मुद्दाको मिसिल छनौट गरी सोही संख्यामा सीमित रही कुल ७४ वटा मुद्दाको अध्ययन गरिएको छ ।

**१.५. अध्ययन विधि:**

कार्यदलले मूलतः व्यावहारिक (नन डक्ट्रिनल) अध्ययन विधिको माध्यमबाट तथ्याकं संकलनको बिधि अवलम्वन गरेको छ । यस अनुसार कार्यदललाई दिइएको कार्यादेश अनुसार मुद्दाका चालु मिसिलको प्रश्नावली अनुसार तथ्यांक संकलन गरिएको छ । उल्लेखित मुद्दाको अभियोजन परीक्षण र अध्ययनका लागि तयार गरिएको प्रश्नावली (चेक लिष्ट) का आधारमा तथ्यांक संकलन गरी प्राप्त तथ्यांकलाई विश्लेषण र व्याख्या गरिएको छ । अध्ययन प्रतिवेदनको प्रारम्भिक मस्यौदामा सम्बद्ध अधिकारी बीच परामर्श गरी प्राप्त भएका सुझाव र पृष्ठपोषणलाई समेत समावेश गरी प्रतिवेदनलाइ अन्तिम रुप प्रदान गरिएको छ ।

**१.६. अध्ययनको संरचना:**

यस अध्ययन प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ। प्रथम परिच्छेदमा अध्ययनको विधि सम्बन्धमा उल्लेख गरिएको छ भने द्दितीय परिच्छेदमा अभियोजन सम्बन्धी अवधारणा र कानुनी व्यवस्थाका सम्बन्धमा चर्चा गरिएको छ । तृतीय परिच्छेदमा अध्ययन गरिएका मुद्दाको विश्लेषण तथा व्याख्या र अन्तिम तथा चौथो परिच्छेदमा अध्ययनबाट देखिएको तथ्य, निष्कर्ष र सुझाव उल्लेख गरिएको छ ।



# परिच्छेद-दुई

## अभियोजन सम्बन्धी अबधारणा र कानुनी व्यवस्था

**२.१. अभियोजन सम्बन्धी अबधारणा**

अनुसन्धानवाट संकलित सवुत प्रमाण र तथ्यहरुका आधारमा कुनैपनि व्यक्ति उपर निजले गरेको कसूर अपराधमा प्रचलित कानून वमोजिम सजायको दावी लिई अभियोग लगाउने कार्य अभियोजन हो । अभियोजनको उद्देश्य अपराधिक कार्यमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई अपराधिक दायित्व वहन गराउनु हो । कुनै अपराध भएको र सो अपराधमा अभियुक्तको संलग्नताको आधारमा अभियोजनको कार्य गरीन्छ । अभियोजनका सिद्धान्तहरुमा कानुनले अपराध नमानेको कार्यमा अभियोजन नहुने, निष्पक्ष, स्वतन्त्र र वस्तुनिष्ठ रुपमा अभियोजन गर्ने, समान तथ्य र प्रमाण भएकोमा अभियोजनको निर्णयमा एकरुपता हुनुपर्ने, अभियुक्त र पीडितको अधिकारको सम्मान गर्ने, प्रमाणको पर्याप्तताका आधारमा मात्र अभियोजन हुने, एउटै कसूरमा एक पटक भन्दा बढी मुद्दा नचलाइने आदि रहेका छन ।

अभियोजन कार्य अन्तर्गत अनुसन्धानबाट संकलित प्रमाणका आधारमा मुद्दा चल्ने नचल्ने निर्णय गर्ने, मुद्दामा निर्णय गर्न आवश्यक पर्ने प्रमाण संकलन र परीक्षण गर्न लगाउने, प्रमाणका आधारमा अभियोग लगाउने, लगाईएको अभियोग प्रमाणित गर्न आवश्यक सबुद प्रमाण प्रस्तुत गर्ने विषयहरु पर्दछन ।

अनुसन्धानबाट संकलित प्रमाण र सबुद नै अभियोजनको मूल आधार हो । त्यस्तो सबुत प्रमाण प्रचलित प्रमाण सम्बन्धी कानूनी व्यवस्थाले प्रमाण योग्य मानेको तथा त्यस्तो प्रमाण कानून बमोजिम अधिकार प्राप्त अधिकारीले रीतपूर्वक संकलन गरेको हुनुपर्दछ ।

## २.२. अभियोजन सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

नेपालको संविधानले महान्यायाधिवक्तालाई सरकारवादी हुने फौजदारी मुद्दाको अभियोजन गर्ने पूर्ण जिम्मेवारी दिएको छ । संविधानको धारा १५८(२) ले "नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरीने र संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानको धारा १५८(६) ले महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था गरेको छ । यही व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार प्रयोग गरी सरकारी वकीलहरुले सरकार वादी मुद्दाको अभियोजन कार्य सम्पादन गर्दै आएका छन । अभियोजनात्मक पद्धतिमा अनुसन्धान र अभियोजनको कार्य कार्यपालिकाको तर्फबाट गरीन्छ । घटित अपराधको अनुसन्धान गरी रीतपूर्वक र कानूनले तोकेको प्रकृया अबलम्बन गरी प्रमाण





संकलन गर्ने र त्यस्ता प्रमाणको बैज्ञानिक परीक्षण गरी सोही प्रमाणका आधारमा अभियोजन गर्ने जिम्मेवारी अनुसन्धानकर्ता र अभियोजनकर्ताको हो । अभियोजनात्मक पद्धतिमा अनुसन्धानकर्ताले अभियोजनकर्ताको निर्देशन अन्तर्गत रहेर मुद्दाको अनुसन्धान गर्नुपर्ने हुन्छ भने अभियोजनकर्ताले अभियुक्त उपरको अभियोग शंकारहित तवरले प्रमाणित गर्नु पर्छ ।

वि.स. २०१७ सालको सरकारी मुद्दा सम्वन्धी ऐनले फौजदारी अपराधको अभियोजन राज्यको कार्यपालिकी निकाय प्रहरी र सरकारी वकीलवाट संयुक्त रुपमा हुदै आएकोमा २०४७ सालको संविधान र नेपालको अन्तरिम संविधान, २०६३ ले अभियोजन सम्बन्धी अधिकार महान्यायाधिवक्तालाई सुम्पेको थियो । वर्तमान संविधानले सोही व्यवस्थालाई निरन्तरता प्रदान गरेको छ । नेपाल सरकारवादी हुने मुद्दाको मुख्य अभियोजनकर्ता महान्यायाधिवक्ता रहेको हुँदा नेपालको फौज्दारी न्याय प्रणालीको मुख्य जिम्मेवारी महान्यायाधिवक्तामा निहित रहेको देखिन्छ ।

महान्यायाधिवक्ताबाट उक्त अधिकार मध्ये मुद्दा चलाउने अधिकार मातहत सरकारी वकीललाई प्रत्यायोजित भएको र मुद्दा नचलाउने अधिकारको प्रयोगमा राय सहित महान्यायाधिवक्ता समक्ष पठाउनु पर्ने गरी अधिकार प्रत्यायोजन भएको छ ।*
यसप्रकार सम्वन्धित सरकारी वकील मुद्दा चलाउने अभियोजनकर्ता हो । अभियोजनकर्ताले अभियोजनको अधिकारको प्रयोग सवुत प्रमाणका आधारमा नै गर्नुपर्छ । सवुत प्रमाणबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गरीने र सोही सवुत प्रमाणको

* नेपाल राजपत्र मिति २०७२। ६। ३

परीक्षण, बिश्लेषण र मुल्यांकनका आधारमा अभियोग ठहर हुने वा नहुने निर्णय अदालतले गर्दछ । सवुत प्रमाणबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गरीने भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले अपराधको अनुसन्धान गर्ने अधिकृतलाई प्रमाण संकलनको क्रममा तथा अभियोजनका लागि आवश्यक पर्ने सवुत प्रमाण संकलन गर्न निर्देशन गर्ने कर्तव्य पनि सरकारी वकीलमा रहन्छ । अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन सकेमा नै अभियोजन दरिलो बन्न सक्दछ । अभियोजन गर्दा कानुनले निर्धारण गरे अनुसारका कुराहरु खुलाई प्रष्ट रुपमा लगाईएको अभियोग बुझ्नसक्ने गरी कसूरको उल्लेखन गरीनुपर्ने हुन्छ । यसका अलावा कसूर गरे वापत सो कसूरमा कानुनले तोकेको सजायको दावी र पीडितले क्षतिपूर्ति पाउनुपर्ने भए सो समेत उल्लेख गर्नुपर्दछ । सवुद प्रमाण र साक्षीको सही उल्लेखन र विश्लेषण  तथा अभियुक्तहरुको पुर्ण विवरणको उल्लेखन समेत गर्नुपर्ने हुन्छ ।

### २.३. अभियोजनको विद्यमान अवस्था

अभियोजनको कार्य फौजदारी न्याय प्रणालीको महत्वपूर्ण पाटो हो । अभियोजनको उद्देश्य अपराधबाट पीडितलाई न्याय र अपराध गर्ने व्यक्तिलाई कानून बमोजिम दण्डीत गर्नु हो । यो उद्देश्य प्रभावकारी र वस्तुनिष्ट अनुसन्धानमा आधारित अभियोजन पद्धतिबाट मात्र प्राप्त हुन सक्छ । विद्यमान अभियोजनको अवस्था हेर्दा पर्याप्त प्रमाणको अभावमा पनि अभियोजन हुने गरेको, सरकारी वकीलबाट अभियोजन गर्दा सही र प्रभावकारी अभियोजन हुने नगरेको, अपराधसँग प्रमाणको सम्वन्धलाई





विश्लेषण नगरीको, कतिपय अवस्थामा सरकारी वकीलले चलाउनुपर्ने मुद्दा पनि अभियोजन नगर्ने गरेको तथा अभियोजनको निर्णयमा लापरवाही समेत हुने गरेको भन्ने गुनासाहरु सुनिने गरेका छन् । महान्यायाधिवक्ता कार्यालयको प्रथम पंचवर्षिय रणनीतिक योजनाले पनि यस तर्फ विश्लेषण गरेको देखिन्छ ।*
अर्कोतर्फ अभियोजनको अवस्थालाई अनुगमन गर्ने सम्वन्धमा प्रभावकारी कार्य हुन सकेको देखिदैन । अभियोग पत्रमा हुने त्रुटी, कमजोरी वा लापरवाहीले सरकारी वकीलको विश्वसनियतामा प्रश्न उठ्ने मात्र होइन त्यसलाई सुधार गर्न समेत नसकिने हुँदा त्यसले परिणाममा पनि असर पुग्दछ । अभियोजनको अनुगमन हुन नसक्दा भविष्यमा त्यसमा सुधार हुन सक्दैन । आंशिक रुपमा मुद्दा अभियोजन गर्ने निर्णय भएकोमा त्यसले पार्ने प्रभावमा पनि अनुगमन नहुँदा विचारणीय हुन्छ । अभियोजनको अनुगमन मुल्यांकन नहुँदा सरकारी वकीलको कार्य सम्पादनलाई परीक्षण गर्न पनि सकिदैन । अभियोजनमा गुणस्तरीयता बढाउन, अभियोजनमा एकरुपता ल्याउन र सुधारका उपाय अबलम्बन गर्न अनुसन्धान (Research) बाट यस कार्यको परीक्षण गर्न आवश्यक छ ।

अभियोजनको मूल आधार प्रमाण हो । अभियोजनलाई आवश्यक पर्ने प्रमाण संकलन गर्न निर्देशन दिनसक्ने अधिकार सरकारी वकीलमा रहेको छ । तर यस्तो अभ्यास न्युन रहेको देखिन्छ । आ.व.२०६७६८ मा कुल २२,३९६ मुद्दा मध्ये ८७८ वटा मुद्दामा

*महान्यायाधिवक्ता कार्यालयको प्रथम पंचवर्षीय रणनीतिक योजना, पृष्ठ १५

अर्थात ३.९२ प्रतिशत, आ.व. ०६८।६९ मा १७,११७ अपराध मध्ये ८९७ बटा मुद्दामा अर्थात ५.२७ प्रतिशत, आ.व. ०६९।७० मा १८,३३४ मुद्दा मध्ये ४३६ अर्थात २.३७ प्रतिशत मुद्दामा र आ.व ०७१।७२ मा २३,१२१ मुद्दामध्ये १०५३ वटा मुद्दामा अर्थात ४.५५ प्रतिशत मुद्दामा सरकारी वकीलबाट तहकिकात गर्ने अनुसन्धानकर्तालाई प्रमाण संकलन गर्न निर्देशन दिइएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ।[#] जिल्ला अदालत तर्फको अभियोजनको सफलता हेर्दा आ.व. ०६७।०६८, ०६८।०६९ र ०६९।७०, ०७०।७१र ०७१।७२ मा क्रमशः ६९.२०, ६५.९७, ६९.३१, ६८.८४ र ६५.५१ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । यो कसूर स्थापित भएको आधारमा कायम तथ्यांक हो । मुद्दा नचल्ने निर्णय तर्फको तथ्यांक हेर्दा आ.व. ०६७।०६८ मा १३,३०३ मध्ये ८८ (०.६६५), आ.व. ०६८।०६९ मा १७७६६ मध्ये १२१ (०.६८५) र ०६९।७० मा १८३८२ मध्ये ७९ वटा (०.४२५), आ.व ०७०।०७१ मा २३७ र आ.व. ०७१।७२ मा ६४ मुद्दा नचलाउने निर्णय भएको महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनले देखाएको छ । यो तथ्यांकले १% भन्दा कम मुद्दा मात्र अभियोजन नगर्ने गरिएको देखिन्छ भने कसूर ठहर भएको स्थिति सँग तुलना गर्दा अभियोग पुष्टि नहुने अवस्थामा पनि अभियोजन गर्ने गरिएको अवस्था देखिन आउछ । यसैगरी अभियोगपत्र तयार गर्दा अभियुक्तहरुको नाम थर, वतन

[#]महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन,आ.व.०७१।७२ पृष्ठ ८१





लेख्ने, परिचय खुल्ने कागज, फोटो समेत संलग्न गर्न सकेमा त्यसले म्याद तामेली गर्न तथा अभियुक्तको पहिचान गर्ने कार्यमा सघाउ पुग्दछ । यस कुरामा पनि सरकारी वकीलको ध्यान जान नसकेको कुरा बारम्बार उठ्ने गरेको र कतिपय फैसलामा आदेश भएका अवस्था पनि छन । अभियोगपत्रमा कसूर र सजायको दावी लिदा प्रति अभियुक्त कसूर, सजाय र कसूर पुष्टि गर्ने प्रमाणको विश्लेषण गर्नु अभियोजनको सिद्धान्तभित्र पर्दछ ।

**२.४. अध्ययनसँग सम्बन्धित चार प्रकारका मुद्दाको अभियोजनको विद्यमान स्थिति**

महान्यायाधिवक्ताको आ.व.०७१।७२ को वार्षिक प्रतिवेदन हेर्दा आ.व.०७१।७२ मा अपहरण तथा शरीर बन्धक सम्बन्धी २९६ मुद्दामा ९५६ जना प्रतिवादी उपर जिल्ला अदालतहरुमा अभियोगपत्र दायर भएको देखिन्छ । यसमध्ये १९३ मुद्दा फैसला भएका छन । फैसला भएका मुद्दा मध्ये ८८ मुद्दाका २२३ जना प्रतिवादीका हकमा कसूर ठहर भएको छ भने १०५ मुद्दाका ३७३ जना प्रतिवादीले सफाई पाएका छन । यसरी अपहरण तथा शरिरबन्धक मुद्दामा कसूर ठहरको प्रतिशत ४५.३६ प्रतिशत रहेको देखिन्छ । लागू औषधका २,७६५ वटा मुद्दा दायर भएका र दायर मुद्दामा ५४७९ जना प्रतिवादी रहेको देखिन्छ । यसमध्ये २,१४१ मुद्दा फैसला भएका छन । यसमध्ये १,७१५ मुद्दामा कसूर ठहर भै २,८७२ जना प्रतिवादीलाई सजाय भएको छ भने ४२५ मुद्दाका ८३५ जनाले आरोपबाट सफाई पाएको देखिन्छ । लागू औषध सम्बन्धी अपराधमा कसूर ठहरको प्रतिशत ८०.१० रहेको छ । मानव वेचविखन तथा ओसारपसार सम्बन्धी ४३१ मुद्दामा ९४३

जना उपर सजायको दावी रहेको पाइन्छ । यसमध्ये २३९ मुद्दा फैसला भएका र १३१ मुद्दाका २६० जना प्रतिवादीलाई सजाय भएको छ भने १०७ मुद्दाका २२३ जना प्रतिवादीहरुले सफाई पाएको देखिन्छ । मानव बेचविखन सम्बन्धी मुद्दामा कसूर ठहर प्रतिशत ५४.८१ रहेको छ । वैदेशिक रोजगार सम्बन्धी मुद्दामा आ.व. ०७१।७२ मा १७५ वटा मुद्दामा २१४ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय भएको देखिन्छ ।

सर्वोच्च अदालतले कतिपय मुद्दामा अभियोजनको अवस्था सम्बन्धमा न्यायिक टिप्पणी टिप्पणी गरेको पाइन्छ । जसमान लिम्बु वि. नेपाल सरकार भएको मुद्दामा ( ने.का.प.२०६९ पृष्ठ ८६) अभियोजन पक्षले आफूले अभियोग लगाएको व्यक्तिको तथ्यपरक ढंगले पहिचान गरी अभियोग लगाउनु उसको कर्तव्य तथा दायित्व हो । हरेक अभियुक्तको बाबुको नाम, स्पष्ट ठेगाना ( वडा नं., टोल, घर नं. आदि), उमेर खुलाई अभियोग लगाउनु अभियोजन पक्षको मुलभूत कर्तव्य हुन्छ । अनुसन्धानको क्रममा वस्तुगत ढंगले कसूर दारको पहिचान नगरी अभियोग पेश गरेको, जाहेरी तथा अभियोगमा उल्लेखित ठेगाना तथा उमेर फरक भएको प्रमाणबाट पुष्टि भएको, व्यक्ति नै फरक भनी सप्रमाण जिकिर लिएकोमा अदालतबाट समेत पुर्पक्षको क्रममा सनाखत गराई पुष्टि नगरेको स्थितिमा केवल नाम मिलेको आधारमा मात्र कसूर दार ठहऱ्याउन नमिल्ने भनि बोलेको पाइन्छ । यस्तै ई. प्र. का. गुलरिया कन्चनपुरको जाहेरीले नेपाल सरकार वि. धौलिदेवी विष्ट भएको ज्यान मुद्दामा (ने.का.प. ०६८ अंक ८, नि.नं. ८६६८) कसै उपर कुनै कसूर को आरोप लगाई पक्राउ गरी



अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

हिरासतमा राख्नु र वयान लेख्नुले मात्रै अनुसन्धान भरपर्दो र विश्वासिलो हुन सक्दैन । आरोप लगाएपछि त्यसको सत्यताको परीक्षण अनुसन्धानको क्रममा हुनु जरुरी हुन्छ । सरकारी वकीलले अनुसन्धानलाई वलियो, भरपर्दो र विश्वासिलो वनाउन सम्वन्धित प्रहरी कर्मचारीलाई निर्देशन दिनसक्ने अधिकारलाई विर्सन हुदैन भनिएको छ । नेपाल सरकार वि.थोमबहादुर तामाङ समेत भएको मुद्दामा (ने.का.प.२०७२ नि.नं. ९०९२)अभियोग दावी लगाउनु र अभियोग स्थापित हुनु अलग अलग कुरा हुन । फौजदारी कसूर अन्तर्गत अभियोग दावी लिदा सो दावीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरुको विद्यमानता हुनु अनिवार्य हुन्छ । अनुमान र अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणाली प्रति नै वितृष्णा हुन जान्छ भन्ने सिद्धान्त कायम भएको पाइन्छ ।

अभियोजनको प्रभावकारिता मुद्दा चलाउने कुराले मात्र देखाउने हुदैन । सरकारी वकील समक्ष प्रस्तुत हुन आएको मुद्दा अभियोजन योग्य छ छैन र अभियोग पुष्टि हुन सक्ने पर्याप्त प्रमाण संकलन छन छैनन भन्ने कुरामा बढी निर्भर रहन्छ । अनावश्यक र अयोग्य मुद्दा चलाउने कार्यले, प्रमाणको अपर्याप्ततामा पनि अभियोजन गर्ने कार्यले, अपराध वा कसूर अनुसार सजायको दावी नलिई जथाभावी रुपमा मुद्दा चलाउने कार्यले र सवुद प्रमाणको विश्लेषण र उल्लेखन नगरी अभियोजन गर्ने कार्यले यसको विश्वसनियता कमजोर हुने र अदालतमा अभियोजनको प्रभावकारी प्रतिरक्षा गर्न कठिन हुने हुन्छ । त्यसैगरी निर्दोष

व्यक्तिले अनावश्यक दुःख पाउन सक्ने र वास्तविक कसूरदारले उन्मुक्ति पाउने अवस्था पनि हुनसक्दछ । सही ढंगले अभियोजन भए नभएको अध्ययन गर्न अभियोजन कार्यको परीक्षण आवश्यक हुन्छ । अभियोजन परीक्षणबाट सरकारी वकीलको कार्य सम्पादनको अवस्था देखिने र मापदण्ड अनुसार अभियोजन भए नभएको अध्ययन गर्न सकिन्छ । यही सन्दर्भमा चार प्रकारका मुद्दामा चारवटा जिल्लामा सरकारी वकीलबाट भएका अभियोजनको अवस्थाको परीक्षण गर्ने कार्य अनुरुप प्रस्तुत अध्ययन गरिएको छ ।



# परिच्छेद तीन

# अध्ययन गरिएका मुद्दा र अभियोजनको अवस्था

## ३.१. अध्ययन गरिएका मुद्दाको प्रकृति

कार्यदलले जिल्ला सरकारी वकील कार्यालय बाँके, मकवानपुर र सुनसरीबाट अभियोजन भएका अपहरण तथा शरीर बन्धक, मानव बेचविखन तथा लागू औषध मुद्दाको अध्ययन गरेको छ । यसैगरी विशेष सरकारी वकील कार्यालयबाट अभियोजनको निर्णय गरिएका बैदेशिक रोजगार सम्बन्धी मुद्दाको अध्ययन गरेको छ । अध्ययन गरिएका मुद्दाको प्रकृति र संख्या निम्न तालिकामा देखाइएको छ ।

| सि.नं | जिल्ला | मुद्दा | संख्या |
|---|---|---|---|
| १ | बाँके | अपहरण तथा शरीर बन्धक | १२ |
| २ | मकवानपुर | मानव वेचविखन तथा ओसारपसार | ४ |
| ३ | सुनसरी | लागू औषध | २८ |
| ४ | काठमाडौं | बैदेशिक रोजगार | ३० |
| | | जम्मा | ७४ |

## ३.२. अध्ययन गरिएका मुद्दाको अभियोजनको अवस्था

अभियोजन परीक्षणका लागि बाकैं जिल्लामा चालु रहेका अपहरण तथा शरीर बन्धक मुद्दाका १२ वटा मिसिल, मकवानपुर जिल्लामा चालु रहेका मानव वेचविखन तथा ओसारपसार सम्बन्धी चालु

रहेका ४ थान मुद्दा, सुनसरी जिल्लामा चालु अवस्थामा रहेका २८ थान लागू औषध मुद्दा र काठमाडौंमा चालु अवथामा रहेका वैदेशिक रोजगार सम्बन्धी कसूरका ३० थान मुद्दाका मिसिल अध्ययन गरी अभियोजनसँग सम्बन्धित अलग अलग प्रश्नावली अनुसार तथ्यांक संकलन गरी अध्ययन गरिएको छ । अध्ययन गरिएका मुद्दाहरुको अभियोजनको अवस्था सम्बन्धी विवरण निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ३.२.१ अपहरण तथा शरीर बन्धक

अपहरण तथा शरीर बन्धक मुद्दामा बाँके जिल्ला अदालतमा विचाराधिन रहेका कुल १२ थान मुद्दाको अभियोजनको अवस्थाको अध्ययन गरिएको छ । सो का लागि सम्बन्धित मिसिलमा रहेका कागजातका आधारमा प्रश्नावली अनुसार तथ्यांक संकलन गरिएको छ । अध्ययन गरिएका १२ वटा मुद्दामा प्रश्नावली अनुसारको तथ्यांकको अवस्था देहाय अनुसार रहेको पाइयो ।

**१. अपराध भएको कति समय पछि सूचना दिइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अपराध भएकै दिन | ६ | ५०% |
| २ | अपराध भएको ७ दिनभित्र | ५ | ४१.५% |
| ३ | अपराध भएको ७ दिनपछि | १ | ८.५% |

अध्ययन गरिएका १२ वटा अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दामध्ये ६ थान मुद्दामा अपराध भएकै दिन अपराध सम्बन्धी सूचना प्रहरी





कार्यालयमा दिइएको देखिन्छ भने ५ थान मुद्दामा अपराध भएको ७ दिनभित्र र १ थान मुद्दामा अपराध भएको ७ दिनपछि जाहेरी अर्थात अपराध सम्बन्धी सूचना दिएको देखिन्छ । अध्ययन गरिएका मुद्दा मध्ये ५० प्रतिशत मुद्दामा अपराध भएकै दिन सो सम्बन्धी सूचना दिएको दिएको पाइयो । यसले अपराधको सूचना संभव भएसम्म तत्कालै दिनुपर्ने र यसले अनुसन्धान कार्य तत्काल अगाडि बढाउन मदत पुग्ने अवस्था रहेपनि ५० प्रतिशत मुद्दामा अपराध भएको तत्काले नभै अपराध भएको ७ दिनको हारहारीमा जाहेरी दिएको देखियो । यसले अपराध भएको तत्कालै जाहेरी दिने कुरामा सचेतना नपुगेको देखिन्छ ।

**२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति दिन पछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ?**

| क्र.स. | विवरण | मुद्दा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उसै दिन | ३ थान | २५% |
| २ | ३ दिन भित्र | ६ थान | ५०% |
| ३. | ७ दिन भित्र | १ थान | ८.३३% |
| ४ | नपठाएको | २ थान | १६.६६% |

अपराधको सूचना दर्ता भए पछि प्रहरी कार्यालयले प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । यसरी प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सो मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउने गरी प्रमाण संकलन लगायतका विषयमा निर्देशन दिन सक्दछ । अध्ययन गरिएका १२ मुद्दा मध्ये ३ थान मुद्दामा जाहेरी वा अपराधको सूचना दर्ता भएको दिन नै प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाएको देखिन्छ भने ६ थान मुद्दामा अपराधको सूचना

दर्ता भएको ३ दिनभित्र र १ थान मुद्दामा ७ दिनभित्र प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाएको देखिन्छ । अध्ययन गरिएका २ थान अर्थात १६.६६% मुद्दामा प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाएको देखिदैन ।

**३. प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सोमा के कारवाही गरेको छ ?**

| क्र.स. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन दर्ता गरेको | ० थान |
| २ | प्रारम्भिक प्रतिवेदन दर्ता नगरेको | १२ थान |
| ३ | निर्देशन दिएको | छैन |
| ४. | निर्देशन दिनु नपर्ने भनी जनाई राखेको | छैन |

जाहेरी दर्ता भएपछि प्रहरी कार्यालयबाट सरकारी वकील कार्यालयमा १२ थान मुद्दामा प्रारम्भिक प्रतिवेदन पठाएकोमा प्राप्त प्रतिवेदनमा सरकारी वकीलले कारवाही गरेको देखिदैन । कुनैपनि मुद्दाको प्रतिवेदन सरकारी वकील कार्यालयमा दर्तासम्म भएको पाइएन । साथै कुनै पनि मुद्दामा सरकारी वकीलले प्रारम्भिक प्रतिवेदनका आधारमा अनुसन्धानका लागि निर्देशन दिएको वा निर्देशन दिनुनपर्ने भनी जनाई राखेको देखिदैन ।

**४. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कँहा गराइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सरकारी वकील कार्यालयमा | १० थान |
| २ | पक्राउ नै नपरेका | २ थान |





अध्ययन गरिएका १२ थान मुद्दामा १० थान मुद्दाका अभियुक्त पक्राउ परेका र सबै मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष अनुसन्धान अधिकृतले गराएको देखिन्छ भने २ थान मुद्दामा अभियुक्त पक्राउ नै नपरेकोले वयान नभएको देखियो । अभियुक्तको वयान अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष गराउने कानुनी व्यवस्थाको प्रयोग सबै मुद्दामा भएको पाइयो ।

**५. पक्राउ परेको मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको कति दिनभित्र लिइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | पक्राउ परेको दिन | नभएको |
| २. | पक्राउ परेको ३ दिनभित्र | १ थान |
| ३. | पक्राउ परेको ७ दिनभित्र | ८ थान |
| ४. | पक्राउ परेको ७ दिन पछि | १ थान |

पक्राउ परेको १० थान मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको दिनमा भएको देखिएन भने पक्राउ परेको ३ दिनभित्र १ थान मुद्दामा र पक्राउ परेको ७ दिनभित्र ८ थान मुद्दामा वयान कार्य भएको देखियो । एक थान मुद्दाका अभियुक्तको पक्राउ परेको ७ दिन पछि बयान भएको देखिन्छ । अभियुक्तको वयान लिने कार्यले अनुसन्धानलाई प्रभावकारी र छिटो छरितो बनाउन मदत गर्दछ भने पक्राउ परेका अभियुक्तको बयान तत्काल हुन सकेमा थप प्रमाण संकलन गर्न र अपराधमा संलग्न अन्य व्यक्तिको खोजी कार्य गर्न सहयोग पुग्दछ । अध्ययन गरिएका अधिकांश अर्थात ८ थान मुद्दामा पक्राउ परेको ७ दिनभित्र मात्र अभियुक्तको वयान लिएको स्थितिले वयान लिने कार्य तत्काल भएको देखिएन ।

**६. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | आवश्यक पर्ने विवरण पूरा खुलाइएको | १० थान |
| २ | आवश्यक पर्ने विवरण नखुलाइएको | ० थान |

अध्ययन गरिएका सबै १२ थान मुद्दामध्ये अभियुक्त पक्राउ परेको १० थान मुद्दाका अभियुक्तको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र संलग्नता लगायतका खुलाउन आवश्यक पर्ने विवरण पूरा खुलाइएको अवस्था देखिन्छ भने आवश्यक पर्ने विवरण नखुलाइएको अवस्था देखिएन । अभियोजनका लागि आवश्यक पर्ने विवरणहरु सबै अभियुक्तबाट खुलाएको पाइयो ।

**७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | ३ दिन बाँकी रहँदा | २ थान |
| २ | ७ दिन बाँकी रहदाँ | ८ थान |

अध्ययन गरिएका अभियुक्त पक्राउ परेका १० थान मुद्दामध्ये २ थान मुद्दामा अभियुक्तहरुलाई प्रहरी हिरासतमा राख्न ३ दिन म्याद बाँकी रहँदा राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ भने ८ थान मुद्दामा पक्राउ परेका अभियुक्तको हकमा प्रहरी हिरासतमा राख्न ७ दिन म्याद बाँकी रहदै राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ । प्रहरी हिरासतमा राख्ने अन्तिम अवस्थामा मात्र मिसिल सरकारी वकील कार्यालयमा पठाएको अवस्था नभै मिसिल





अध्ययन गर्न लाग्ने आवश्यक समय बाँकी राखी सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ ।

**८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्देशन दिएको संख्या | छैन |
| २ | निर्देशन नदिएको संख्या | १२ |

अध्ययन गरिएका सबै १२ थान मुद्दामा राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएको अवस्था देखिएन । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त म्याद रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न सरकारी वकीलबाट निर्देशन नदिएको अवस्थाले एकातिर प्रहरी अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील निर्देशन दिने कुरामा उदासीन रहेको भन्ने पनि देखाउँछ ।

**९.अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | १२ |
| २ | आंशिक मुद्दा चलाउने | छैन |
| ३ | मुद्दा नचलाउने | छैन |

अध्ययन गरिएका १२ थान अपहरण र शरिरबन्धक मुद्दामा अनुसन्धान कार्य समाप्त गरी अनुसन्धानकर्ताले प्रस्तावित राय सहित मिसिल सरकारी वकील समक्ष पठाउदा अनुसन्धान गरिएका सबै अभियुक्तहरु

उपर मुद्दा चलाउन प्रस्ताव गरिएको देखिन्छ । आशिंक रुपमा कसै उपर मुद्दा चलाउने र कसैउपर मुद्दा नचलाउने गरी राय पेश गरेको पाईदैन ।

**१०. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | १२ |
| २ | आशिक मुद्दा चलाउने | छैन |
| ३ | मुद्दा नचलाउने | छैन |

अनुसन्धान पश्चात प्राप्त मिसिल अध्ययन गरी प्रमाणका आधारमा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने गरी निर्णय गर्दछन् । अध्ययन गरिएका सबै मुद्दामा सबै आरोपित उपर सरकारी वकीलबाट मुद्दा चलाउने गरी निर्णय भएको देखियो । कुनै पनि अभियुक्त उपर मुद्दा नचलाउने निर्णय भएको देखिएन । प्रहरी अनुसन्धानबाट संकलित प्रमाण पर्याप्त भएको कुरामा सरकारी वकील सन्तुष्ट रहेको र अभियोजन गर्ने निर्णय गरेको अनुमान गर्न सकिन्छ ।

**११. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | सोही दिन | १ थान |
| २. | ३ दिनभित्र | ७ थान |
| ३. | ७ दिनभित्र | ३ थान |
| ४. | नखुलेको | १ थान |



अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

अनुसन्धान अधिकृतको राय सहित प्राप्त १२ थान मिसिलमध्ये १ थान मुद्दामा सोही दिन सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएको देखिन्छ भने ७ थान मुद्दामा मिसिल प्राप्त भएको ३ दिनभित्र मुद्दा चलाउने निर्णय भएको देखिन्छ । यसैगरी ३ थान मुद्दामा मिसिल प्राप्त भएको मितिले ७ दिन भित्र मुद्दा चलाउने निर्णय भएको देखियो भने १ थान मुद्दामा विवरण नखुलेको अवस्था देखियो ।

**१२. मुद्दा चलाउने निर्णय भएको कति दिन भित्र अभियोगपत्र दायर भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्णय भएकै दिन | १२ थान |
| २ | निर्णय भएको ३ दिनभित्र | छैन |

सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएको दिन नै जिल्ला अदालतमा अभियोग पत्र दायर भएको देखिन्छ । यसवाट सरकारी वकील अभियोग पत्र दायर गर्ने कुरामा ढिलो नरहेको देखाउँछ ।

**१३. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | नाम, थर, वतन खुलाइएको | १२ थान |
| २. | गाँउ टोल खुलाइएको | छैन |
| ३. | नागरीकता नं नखुलाइएको | ५ थान |
| ४. | मोवाईल न. नखुलाइएको | ५ थान |

अभियोगपत्रमा अभियुक्तहरुको वतन प्रष्ट खुलाउनु सरकारी वकीलको कर्तव्यभित्र पर्दछ । अभियुक्त फरार रहेकोमा निजको स्पष्ट वतन खुल्न सकेमा म्याद तामेल हुन, मुद्दा चलाईएको व्यक्ति पहिचान गर्न र फैसला कार्यान्वयन गर्न समेत सजिलो हन्छ । अध्ययन गरिएका १२ थान मुद्दामा अभियुक्तको नाम थर वतन सवै मुद्दामा खुलेको देखियो भने अभियुक्तको गाँउ, टोल उल्लेख गरेको देखिएन । फरार अभियुक्तको हकमा निजको गाँउ, टोल नागरीकता नं उल्लेख हुन सकेमा पक्राउ गर्न वा म्याद तामेल गर्न सजिलो हुन्छ । तर कुनैपनि मुद्दामा अभियुक्तको गाँउ, टोल खुलेको देखिदैन भने ५ थान मुद्दामा अभियुक्तको नागरीकता ने फोन न. खुलेको समेत देखिएन ।

**१४. अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | फोटो राखेको | ३ थान |
| २ | फोटो नराखेको | ९ थान |

अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश गर्नुपर्ने व्यवस्था जिल्ला अदालत नियमावलीमा रहेको छ । अध्ययन गरिएका १२ थान मुद्दामा ३ थान मुद्दामा अभियुक्तको फोटो मिसिल संलग्न रहेको देखियो भने ९ थान मुद्दामा फोटो संलग्न गरेको देखिएन । सरकारी वकीलले यसमा पर्याप्त ध्यान दिन सकेको देखिदैन ।

**१५. अभियोगपत्रमा केश व्यहोरा कसरी उल्लेख गरिएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | अनुसन्धानकर्ताको राय अनुसार | ० थान |
| २ | केही परिमार्जन गरेको | ३ थान |
| ३ | पुरै परिमार्जन गरेको | ९ थान |





अभियोगपत्रको केश व्यहोरा खण्डमा अनुसन्धानकर्ताको रायलाई केही परिमार्जन गरी ३ थान मुद्दामा प्रस्तुत गरेको देखिन्छ भने ९ थान मुद्दामा पुरै परिमार्जन गरी पेश गरेको देखियो । राय प्रतिवेदनमा उल्लेख गरे अनुसार केश व्यहोरा उल्लेख गर्ने परिपाटीमा परिवर्तन भएको देखियो ।

**१६. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | प्रति अभियुक्त दावी र कसूर उल्लेख गरेको | १२ थान |
| २ | गोश्वरा दावी गरिएको | ० थान |

अध्ययन गरिएका १२ थान मुद्दामा अभियोगपत्रमा अभियुक्तको कसूर र दावी प्रति अभियुक्त छुट्टा छुट्टै रुपमा उल्लेख गरिएको देखिन्छ । कुनैपनि मुद्दामा गोश्वरा रुपमा दावी गरेको पाइएन ।

**१७. अभियोगपत्रमा कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सिलसिलेवार रुपमा गरिएको | १२ थान |
| २ | सिलसिलेवार रुपमा नगरिएको | ० थान |

अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गर्नुपर्नेमा सवै १२ थान मुद्दामा सिलसिलेवार रुपमा प्रस्तुत गरेको देखियो ।

**१८. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | विश्लेषण गरिएको | १२ थान |
| २ | विश्लेषण नगरिएको | ० थान |

अभियोगपत्रमा मुद्दाको तथ्य र संकलित प्रमाणको यथेष्ट विश्लेषण गरेको देखिन्छ । अध्ययन गरिएका १२ वटै मुद्दामा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको पाइयो ।

**१९. अभियोगपत्रमा माग दावी गर्दा प्रति अभियुक्त दावी लिई सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | १२ थान |
| २ | उल्लेख नगरिएको | ० थान |

अभियोगपत्रमा अभियोग लगाईएका अभियुक्तहरु मध्येप्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गर्नुपर्ने हुन्छ । अध्ययन गरिएका १२ थान मुद्दामा प्रति अभियुक्त कसूर र दावी उल्लेख गरेको देखियो । साथै सम्बन्धित कानुनी व्यवस्था प्रष्ट उल्लेख गरेको देखियो । प्रति अभियुक्त कसूर र सजायको मागदावी लिने कुरामा अभियोजनकर्ताको कार्य प्रभावकारी बनेको देखियो ।

**२०. मुद्दा चलाउन पर्याप्त प्रमाण नरहेको अवस्था छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | मुद्दा चलाउन पर्याप्त प्रमाण रहेको | १२ थान |
| २ | मुद्दा चलाउन पर्याप्त प्रमाण नरहेको | ० थान |

अध्ययन गरिएका १२ थान मुद्दामा मुद्दा चलाउन पर्याप्त प्रमाण रहेको अवस्था देखिएको आधारमा अभियोजनकर्ताले मुद्दा चलाउने निर्णय गरेको देखिन्छ भने मुद्दा चलाउन अपर्याप्त रहेको अवस्था देखिएन ।





**२१. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | १२ थान |
| २ | उल्लेख नगरिएको | ० थान |

अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको देखिन्छ । तर साक्षीको नाम थर वतन प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन ।

**२२. गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा कसरी उल्लेख गरिएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी | १२ थान |
| २ | जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख गरी | ० थान |

अध्ययन गरिएका सवै १२ थान मुद्दामा गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखियो । जाहेरवाला, देख्ने सुन्ने साक्षीको नाम प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन । यसले कुन व्यक्ति अभियोजनको गवाह वा साक्षी हो भन्ने प्रष्ट हुन सक्दैन । सबुद प्रमाण खण्डमा साक्षी प्रमाण उल्लेख गर्ने कुरामा सरकारी वकीलले ध्यान पुऱ्याउन नसकेको अवस्था देखियो ।

**२३. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | खुलाइएको | १२ थान |
| २ | नखुलाएको | ० थान |

अध्ययन गरिएका सवै मुद्दाको अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखियो ।

### ३.२.२ मानव वेचविखन तथा ओसारपसार

मानव वेचविखन तथा ओसारपसार सम्बन्धमा मकवानपुर जिल्लामा दायर रही अदालतमा विचाराधिन रहेका कुल चार थान मुद्दाको अभियोजनको अवस्थाको अध्ययन गरिएको छ । सो का लागि सम्बन्धित मिसिलमा रहेका कागजातका आधारमा प्रश्नावली अनुसार तथ्यांक संकलन गरिएको छ । अध्ययन गरिएका चार वटा मुद्दामा अभियोजनको अवस्था देहाय अनुसार रहेको पाइयो ।

**१. पीडितले जाहेरी दिएको कति दिन भित्र बयान प्रमाणित भएको छ ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | जाहेरी परेको दिन | ० थान |
| २ | जाहेरी परेको तीन दिन भित्र | २ थान |
| ३. | जाहेरीमा मिति नभएकोले उल्लेख गर्न नसकिएको | २ थान |





जाहेरी दिने व्यक्ति पीडित भएमा तत्काल निजको वयान गराई नजिकको जिल्ला अदालतमा उपस्थित गराई वयान प्रमाणित गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । अध्ययन गरिएका ४ वटा मुद्दामध्ये २ थान मुद्दामा जाहेरी परेको तीन दिन भित्र पीडितको वयान प्रमाणित गरिएको देखिन्छ भने २ थान मुद्दाको जाहेरीमा जाहेरी दिएको मिति नै उल्लेख भएको नदेखिदा वयान प्रमाणित जाहेरी परेको कति दिनमा प्रमाणित भयो भन्ने खुल्न सकेको देखिदैन ।

**२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति समयपछि तहकिकात शुरु भएको छ ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | जाहेरी दर्ता भएको ३ दिनभित्र | ३ थान |
| २ | ७ दिन भित्र | १ थान |

अध्ययन गरिएका ४ थान मुद्दा मध्ये ३ थान मुद्दामा जाहेरी वा अपराधको सूचना दर्ता भएको ३ दिनभित्र तहकिकात शुरु भएको देखिन्छ भने १ थान मुद्दामा ७ दिनभित्र तहकिकात शुरु भएको देखिन्छ ।

**३. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति समयपछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | ३ दिन भित्र | २ थान |
| २ | ७ दिन भित्र | २ थान |

अपराधको सूचना दर्ता भए पछि प्रहरी कार्यालयले प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । यसरी

प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सो मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउने गरी प्रमाण संकलन लगायतका विषयमा निर्देशन दिन सक्दछ। अध्ययन गरिएका ४ थान मुद्दामध्ये २ थान मुद्दामा जाहेरी वा अपराधको सूचना दर्ता भएको ३ दिनभित्र र २ थान मुद्दामा ७ दिन भित्र प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको देखिन्छ । अपराध दर्ता भएको तत्कालै प्रारम्भिक प्रतिवेदन पठाएको अवस्था देखिदैन ।

## ४. प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले सो प्रतिवेदनमा के गरेको छ।

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | दर्ता गरी फाइल गरेको | ४ थान |
| २ | निर्देशन दिएको | छैन |
| ३ | निर्देशन दिनुनपर्ने भनी जनाई राखेको | छैन |

जाहेरी दर्ता भएपछि प्रहरी कार्यालयबाट सरकारी वकील कार्यालयमा प्रारम्भिक प्रतिवेदन पठाएकोमा प्राप्त प्रतिवेदनमा सरकारी वकीलले दर्ता गरी फाइल गरेको सम्म देखिन्छ। कुनै पनि मुद्दामा सरकारी वकीलले प्रारम्भिक प्रतिवेदनका आधारमा अनुसन्धानका लागि निर्देशन दिएको वा निर्देशन दिनु नपर्ने भनी जनाई राखेको देखिदैन । अनुसन्धानका लागि निर्देशन दिने कुरामा सरकारी वकील जागरुक भएको देखिएन।

## ५. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कहाँ गराइएको छ ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सरकारी वकील कार्यालयमा | ४ थान |
| २ | पक्राउ नै नपरेका | ० थान |





अध्ययन गरिएका ४ थान मुद्दामा अभियुक्त पक्राउ परेका र सवै मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष अनुसन्धान अधिकृतले गराएको देखिन्छ भने । अभियुक्तको वयान अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष गराउने कानुनी व्यवस्थाको प्रयोग सवै मुद्दामा भएको पाइयो।

## ६. पक्राउ मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको कति दिनभित्र लिइएको छ

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | पक्राउ परेको दिन | नभएको |
| २. | पक्राउ परेको ३ दिनभित्र | १ थान |
| ३. | पक्राउ परेको ७ दिनभित्र | ३ थान |
| ४. | पक्राउ परेको ७ दिन पछि | ० थान |

अध्ययन गरिएका ४ थान मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको दिनमा भएको देखिएन भने पक्राउ परेको ३ दिनभित्र १ थान मुद्दामा र पक्राउ परेको ७ दिनभित्र ३ थान मुद्दामा वयान कार्य भएको देखियो । अभियुक्तको वयान लिने कार्यले अनुसन्धानलाई प्रभावकारी र छिटो छरितो बनाउन मदत गर्दछ भने पक्राउ परेका अभियुक्तको बयान तत्काल हुन सकेमा थप प्रमाण संकलन गर्न र अपराधमा संलग्न अन्य व्यक्तिको खोजी कार्य गर्न सहयोग पुग्दछ। अध्ययन गरिएका अधिकांश अर्थात ३ थान मुद्दामा पक्राउ परेको ७ दिनभित्र मात्र अभियुक्तको वयान लिएको स्थितिले वयान लिने कार्य तत्काल भएको देखिएन।

**७. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | आवश्यक पर्ने विवरण पूरा खुलाइएको | २ थान |
| २ | आवश्यक पर्ने विवरण केही मात्र खुलाइएको | २ थान |

अध्ययन गरिएका मुद्दामध्ये अभियुक्त पक्राउ परेको २ थान मुद्दाका अभियुक्तको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र संलग्नता लगायतका खुलाउन आवश्यक पर्ने विवरण पूरा खुलाइएको अवस्था देखिन्छ भने आवश्यक पर्ने केही विवरण मात्र खुलाइएको अवस्था २ थान मुद्दामा देखियो । अभियोजनका लागि आवश्यक पर्ने विवरणहरु सवै अभियुक्तबाट खुलाएको अवस्था देखिएन ।

**८. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | ३ दिन बाँकी रहँदा | २ थान |
| २ | स्पष्ट नदेखिएको | २ थान |

अध्ययन गरिएका ४ थान मुद्दामध्ये २ थान मुद्दामा अभियुक्तहरुलाई प्रहरी हिरासतमा राख्न ३ दिन म्याद बाँकी रहँदा राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ भने २ थान मुद्दामा पक्राउ परेका अभियुक्तको हकमा प्रहरी हिरासतमा राख्न कति दिन बाकी रहेको





भन्ने खुल्न सकेको पाइएन । प्रहरी हिरासतमा राख्ने अन्तिम अवस्थामा मात्र मिसिल सरकारी वकील कार्यालयमा पठाएको अवस्था नभै मिसिल अध्ययन गर्न आवश्यक समय बाकी राखी सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ ।

**९. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्देशन दिएको संख्या | छैन |
| २ | निर्देशन नदिएको संख्या | ४ थान |

अध्ययन गरिएका सवै ४ थान मुद्दामा राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएको अवस्था देखिएन । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त म्याद रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न सरकारी वकीलबाट निर्देशन नदिएको अवस्थाले एकातिर प्रहरी अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील निर्देशन दिने कुरामा उदासीन रहेको भन्ने पनि देखाउँछ ।

**१०. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | ४ |
| २ | आशिक मुद्दा चलाउने | छैन |
| ३ | मुद्दा नचलाउने | छैन |

अध्ययन गरिएका ४ वटा मुद्दामा अनुसन्धानकर्ताले सबै अभियुक्तहरु उपर मुद्दा चलाउने गरीसरकारी वकील समक्ष राय प्रस्तुत गरेको

देखिन्छ। कुनै पनि मुद्दामा आंशिक रुपमा कसै उपर अभियोजन नगर्नका लागि राय प्रस्तुत भएको देखिएन । अनुसन्धानकर्ताले सबै मुद्दाका अभियुक्तहरु उपर मुद्दा चलाउन प्रमाण पर्याप्त रहेको आधारमा मुद्दा चलाउन राय व्यक्त गरेको अनुमान गर्न सकिन्छ।

**११. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | ४ |
| २ | आशिक मुद्दा चलाउने | छैन |
| ३ | मुद्दा नचलाउने | छैन |

अध्ययन गरिएका ४ वटा मुद्दामा अनुसन्धानकर्ताले सबै अभियुक्तहरु उपर मुद्दा चलाउने गरी राय सरकारी वकील समक्ष प्रस्तुत गरेकोमा सरकारी वकीलबाट समेत सबै उपर मुद्दा चलाउने निर्णय गरेको देखिन्छ। कुनै पनि मुद्दामा आंशिक रुपमा कसै उपर मुद्दा नचलाउने गरी अभियोजन सम्बन्धी निर्णय भएको देखिदैन । सबै मुद्दाका अभियुक्तहरु उपर मुद्दा चलाउन प्रमाण पर्याप्त रहेको आधारमा मुद्दा चलाउने गरी

**१२. मुद्दा चलाउने निर्णय भएको कति दिन भित्र अभियोगपत्र दायर भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्णय भएकै दिन | ४ थान |
| २ | निर्णय भएको ३ दिनभित्र | छैन |





मुद्दा चलाउने निर्णय भएको दिन नै सरकारी वकील कार्यालयबाट सम्बन्धित अदालतमा  अभियोगपत्र दायर भएको देखिन्छ । मानव वेचविखनका मुद्दामा अभियोगपत्र दायर गर्ने कुरामा सरकारी वकीलले तत्परता देखाएको अवस्था देखिन्छ।

**१३. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | सोही दिन | १ थान |
| २. | हिरासतमा राख्ने म्याद सम्ममा | १ थान |
| ३. | नखुलेको | २ थान |
| ४. | अन्य | छैन |

प्रहरीबाट राय सहित मिसिल प्राप्त भएकोमा एउटा मुद्दामा सोही दिन मुद्दा चलाउने निर्णय गरी अभियोगपत्र दायर भएको देखिन्छ भने एउटा मुद्दामा हिरासतमा राख्ने म्याद रहदासम्म सरकारी वकीलले मुद्दा चलाउने निर्णय गरेको देखिएन । बाकी दुई थान मुद्दामा राय प्राप्त भएको मिति र मुद्दा चलाउने निर्णय गरेको मिति खुलेको देखिदैन । यसबाट राय सहित प्राप्त मिसिलमा मुद्दा चलाउने निर्णय गर्ने कुरामा सरकारी वकीलले हिरासतमा राख्ने म्याद रहेसम्म निर्णय नगर्ने र म्याद सकिने अवस्थामा मुद्दा चलाउने निर्णय गर्ने गरेको देखियो।

**१४. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | नाम, थर, वतन खुलाइएको | ४ थान |
| २. | गाँउ टोल खुलाइएको | छैन |
| ३. | नागरीकता नं खुलाइएको | छैन |
| ४. | मोवाईल न. नखुलाइएको | छैन |

सवै चारवटा मुद्दाको अभियोगपत्रमा पक्राउ परेका अभियुक्तहरु र फरार रहेको अभियुक्तहरुको नाम, थर, वतन प्रष्ट रुपमा खुलाइएको देखिन्छ भने कुनै पनि मुद्दामा अभियुक्तको गाँउ, टोल, नागरीकता नं र मोवाईल नम्वर उल्लेख गरेको देखिएन । पक्राउ परेका अभियुक्त र सम्भव भएसम्म फरार अभियुक्तहरुको नाम,थर वतन र गाँउ, टोल नागरीकता न. सहितको परचय खुल्ने विवरण अभियोगपत्रमा खुलाउनुपर्ने व्यवस्था रहेको सन्दर्भमा यस तर्फ पूरा ध्यान दिएको देखिएन ।

## १५. अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | फोटो राखेको | २ थान |
| २ | फोटो नराखेको | २ थान |

अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश गर्नूपर्ने व्यवस्था जिल्ला अदालत नियमावलीमा रहेको छ । अध्ययन गरिएका ४ थान मुद्दामा २ थान मुद्दामा अभियुक्तको फोटो मिसिल संलग्न रहेको देखियो भने २ थान मुद्दामा फोटो संलग्न गरेको देखिएन । सरकारी वकीलले यसमा पर्याप्त ध्यान दिन सकेको देखिदैन ।

## १६. अभियोगपत्रमा केश व्यहोरा कसरी उल्लेख गरिएको छ ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | अनुसन्धानकर्ताको राय अनुसार | २ थान |
| २ | केही परिमार्जन गरेको | २ थान |
| ३ | पुरै परिमार्जन गरेको | ० थान |





अभियोगपत्रमा केश व्यहोरा अन्तर्गत अपराध सम्बनधी सूचना, वारदात सम्बन्धी विवरण, बयान प्रमाणका व्यहोराहरु संक्षेपमा उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । अनुसन्धानकर्ताले राय पठाउँदा समेत केशको व्यहोरा छोटकरिमा उल्लेख गरी पठाउछन । अध्ययन गरिएका ४ थान मुद्दामध्ये २ थान मुद्दामा अनुसन्धानकर्ताको रायमा उल्लेखित केश व्यहोरालाई जस्ताको तस्तै राखेको देखियो भने २ थान मुद्दामा केही परिमार्जन गरेको देखियो ।

## १७. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | प्रति अभियुक्त दावी र कसूर उल्लेख गरेको | ३ थान |
| २ | गोश्वरा दावी गरिएको | १ थान |

अभियोगपत्रमा अभियोग लगाईएका अभियुक्तहरु मध्ये प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गर्नूपर्ने हुन्छ । अध्ययन गरिएका ४ थान मुद्दा मध्ये ३ थान मुद्दामा प्रति अभियुक्त कसूर र दावी उल्लेख गरेको देखियो भने १ थान मुद्दामा गोश्वरा रुपमा दावी गरेको देखियो । प्रति अभियुक्त कसूर र सजायको मागदावी लिने कुरामा अभियोजनकर्ताको कार्य प्रभावकारी बन्न सकेको देखिएन ।

## १८. अभियोगपत्रमा कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गरिएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सिलसिलेवार रुपमा गरिएको | २ थान |
| २ | सिलसिलेवार रुपमा नगरिएको | २ थान |

अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गर्नुपर्नेमा २ थान मुद्दामा सिलसिलेवार रुपमा प्रस्तुत गरेको देखियो भने २ थान मुद्दामा सिलसिलेवार रुपमा उल्लेख गरेको देखिदैन ।

**१९. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | विश्लेषण गरिएको | २ थान |
| २ | विश्लेषण नगरिएको | २ थान |

अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गर्नुपर्नेमा २ थान मुद्दामा विश्लेषण गरेको देखियो भने २ थान मुद्दामा विश्लेषण गरेको देखिदैन । सरकारी वकीलले अभियोजन कार्य गर्दा पर्याप्त मात्रामा मिसिलमा संलग्न रहेको तथ्य र प्रमाणको विश्लेषण गर्ने कार्यमा ध्यान दिन नसकेको देखिन्छ ।

**२०. अभियोगपत्रमा माग दावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | ४ थान |
| २ | उल्लेख नगरिएको | ० थान |

अभियोगपत्रमा अभियुक्त उपर सजायको माग दावी गर्दा सम्बन्धित कानुनी व्यवस्थालाई उल्लेख गर्ने कार्य सवै मुद्दामा भएको देखियो ।





कसूर अनुसार सजायको मागदावी गर्ने कुरामा सरकारी वकील सचेत रहेको देखियो ।

**२१. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह र साक्षीको नाम कसरी उल्लेख गरिएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | जाहेरवाला,देख्ने,सुन्ने र बुझिएका मानिस भनी | ४ थान |
| २ | जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख गरिएको | ० थान |

गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखियो । जाहेरवाला, देख्ने सुन्ने साक्षीको नाम प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन । यसले कुन व्यक्ति अभियोजनको गवाह वा साक्षी हो भन्ने प्रष्ट हुन सक्दैन । सबुद प्रमाण खण्डमा अभियोगलाई समर्थन गर्ने प्रमाण, गवाह र साक्षीको नाम थर प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेमा सरकारी वकीलको ध्यान पुग्न नसेको अवस्था देखियो ।

**२२. हाल प्रचलित ऐन लागू हुनुपूर्वको अपराध भए कसूर सजायको दावी कसरी लिइएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पुरानो ऐनको मात्र दावी गरिएको | १ थान |
| २ | नया ऐनको मात्र दावी गरिएको | ३ थान |

मानव वेचविखन तथा ओसारपसार मुद्दामा २०६४ साल पुर्वको वारदातमा तत्काल बहाल रहेको जिउमास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ र विद्यमान मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ समेत उल्लेख गरी कसूर र सजायको मागदावी गरीन्छ । अध्ययन गरिएका चारवटा मुद्दा मध्ये एउटामा पुरानो ऐनको मात्र दावी उल्लेख गरिएको देखियो भने ३ थान मुद्दामा नया ऐनको मात्र मागदावी गरेको देखिन्छ ।

## २३. कसूर अनुसार दावी लिइएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | कसूर अनुसार दावी लिईएको | ४ थान |
| २ | कसूर अनुसार दावी फरक लिएको | ० थान |

अभियोगपत्रमा कसूर अनुसार आकर्षित हुने कानुनको दफा अनुसार सजायको मागदावी लिनुपर्ने हुन्छ । अध्ययन गरिएका ४ थान मुद्दामध्ये तीन थान मुद्दामा अभियुक्त उपर प्रमाणका आधारमा कसूर अनुसार दावी लिईएको देखियो भने एक थान मुद्दामा अनुसन्धानकर्ताको प्रस्तावमा पूर्ण अपराध भनेकोमा अभियोजनकर्ताले उद्योगको दावी लिएको देखियो ।

## २४. मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसार हुने थप सजायको मागदावी लिएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | लिएको | २ थान |
| २ | लिनुपर्ने अवस्था नभएको | २ थान |



अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन

मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसारको कसूरमा थप सजाय हुने अवस्था रहेकोमा थप सजायको मागदावी लिनुपर्ने हुन्छ । अध्ययन गरिएका मुद्दा मध्ये २ थान मुद्दामा सरकारी वकीलले थप सजायको मागदावी लिएको अवस्था देखिन्छ भने २ थान मुद्दामा थप दावी लिनुपर्ने अवस्था रहेको देखिएन । मानव बेचविखन तथा ओसारपसारको कसूर सम्बन्धी मुद्दामा थप सजायको मागदावी लिनुपर्ने देखिएकोमा सरकारी वकीलले दावी गरेको देखियो ।

## २५. अभियुक्त उपर नैतिक पतन देखिने फौजदारी कसूर गरेको दावी लिइएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | लिइएको संख्या | छैन । |
| २ | नलिइएको संख्या | ४ थान |

मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन,२०६४ को कसूर सम्बन्धी मुद्दामा दर्ता गर्दा सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दावी लिनसक्ने व्यवस्था सो ऐनको दफा २२ मा गरिएको छ । अध्ययन गरिएका चारवटै मुद्दामा अभियोजन गर्दा सो सम्बन्धी दावी सरकारी वकीलले लिएको अभियोगपत्रबाट देखिएन ।

## २६. पीडितको पहिचान सम्बन्धी विवरण गोप्य राख्ने प्रकृया अबलम्बन गरिएको छ छैन ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | गरिएको | १ थान |
| २ | नगरिएको | ३ थान |

मानव वेचविखन तथा ओसारपसारको कसूर सम्बन्धी मुद्दामा पीडितको व्यक्तिगत परिचयात्मक विवरण अभियोजनको क्रममा समेत गोप्य राख्नुपर्ने व्यवस्था विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यबिधि निर्देशिका, २०६४ ले गरेको र सो को कार्यान्वयन सरकारी वकीलले अनुसन्धान र अभियोजनका चरणमा गर्नुपर्ने हुन्छ । अध्ययन गरिएका चारवटा मुद्दा मध्ये १ थान मुद्दामा सो प्रकृया अबलम्बन गरिएको देखियो भने तीन थान मुद्दामा परिचयात्मक विवरण गोप्य राख्ने कार्य अभियोजनको क्रममा भएको पाइएन ।

**२७. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | खुलाइएको | ४ थान |
| २ | नखुलाइएको | ० थान |

अध्ययन गरिएका सवै मुद्दाको अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखियो ।

### ३.२.३ वैदेशिक रोजगार

वैदेशिक रोजगारका चालु अवस्थामा रहेका ३० थान मुद्दाका मिसिलको अध्ययन गरी प्रश्नावलीका आधारमा प्राप्त सूचनाहरुलाई यस प्रकार विश्लेषण र व्याख्या गरिएको छ ।





**१. अपराध भएको कति समयमा जाहेरी दर्खास्त दिइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अपराध भएको १ महिनाभित्र | ४ | |
| २ | अपराध भएको ३ महिनाभित्र | ६ | |
| ३ | अपराध भएको १ वर्ष भित्र | १२ | |
| ४. | १ वर्षपछि | ६ | |
| ५ | नखुलेको | २ | |

अध्ययन गरिएका ३० वटा वैदेशिक रोजगार सम्बन्धी मुद्दामध्ये ४ थान मुद्दामा अपराध भएको १ महिनाभित्र, ६ थान मुद्दामा अपराध भएको ३ महिनाभित्र, १२ थान मुद्दामा अपराध भएको १ वर्ष भित्र, ६ थान मुद्दामा अपराध भएको १ बर्षपछि र २ थान मुद्दामा कहिले अपराध भएको हो भन्ने नखुलाई वैदेशिक रोजगार सम्बन्धी जाहेरी अर्थात अपराध सम्बन्धी सूचना वैदेशिक रोजगार विभागमा दिएको देखिन्छ । सामान्यतया वैदेशिक रोजगार सम्बन्धी विषयमा रकम बुझाई सकेपछि निर्धारित समय भित्र विदेशमा नपठाएको वा भने अनुसारको काममा नलगाएको आधारमा ठगीएको महसुस भएपछि जाहेरी पर्ने हुदा प्रस्तुत अध्ययनमा रकम बुझाएको मितिलाई अपराध भएको मिति मानी समय उल्लेख गरिएको छ ।

**२. जाहेरी वा अपराधको सूचना कसवाट परेको छ ?**

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १. | पीडितबाट | २९ |
| २. | आफन्तबाट | १ |

वैदेशिक रोजगार सम्बन्धी जाहेरी पीडितबाट नै अधिकतम मात्रामा दिएको देखिन्छ । अध्ययन गरिएका ३० मुद्दामा २९ मुद्दाको जाहेरी पीडितले दिएको देखियो । आफन्तबाट १ थान मुद्दामा मात्र जाहेरी परेको

अवस्था रहेको छ । अपराध सम्बन्धी सूचना पीडितवाट नै पर्ने गरेको देखियो ।यसबाट विषयवस्तुको तहकिकात गर्न आवश्यक पर्ने सवै सूचना प्राप्त हुन सक्दछ ।

**३. जाहेरी दर्खास्तसाथ रकम बुझिलिएको भर्पाइ पेश भएको छ छैन ?**

| क्र.स. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पेश भएको | २८ थान |
| २ | नभएको | २ थान |

अध्ययन गरिएका ३० मुद्दामध्ये २८ थानमा जाहेरी दर्खास्तसाथ प्रतिवादीले पीडितबाट रकम बुझिलिएको भर्पाइ पेश गरेको देखियो भने २ थानमा रकम बुझाएको भर्पाइ जाहेरी साथ पेश गरेको देखिदैन ।।

**४. रकम बुझिलिएको भरपाईमा के प्रयोजनका लागि भनी रकम बुझेको उल्लेख छ ?**

| क्र.स. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | वैदेशिक रोजगारमा पठाउने उल्लेख | २४ थान |
| २ | अन्य | ४ थान |
| ३. | भर्पाइ नभएको | २ थान |

रकम बुझेको भर्पाइ रहेका २८ थान मुद्दामा वैदेशिक रोजगारमा पठाउने भनी पीडितबाट अभियुक्तले रकम बुझेको २४ थान मुद्दामा उल्लेख भएको देखिन्छ भने ४ थान मुद्दामा वैदेशिक रोजगारमा पठाउने वाहेक अन्य कुरा उल्लेख भएको देखिन्छ ।





**५. रकम बुझिलिएको भरपाईमा वैदेशिक रोजगारीमा पठाउने देश उल्लेख छ छैन ?**

| क्र.स. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | देश उल्लेख भएको | २३ थान |
| २ | नभएको | ५ थान |

रकम बुझेको भर्पाइ रहेका २८ थान मुद्दामा वैदेशिक रोजगारमा पठाउने भनी पीडितबाट अभियुक्तले रकम बुझेकोमा २३ थान मुद्दामा रोजगारीमा पठाउने देश उल्लेख भएको देखिन्छ भने ५ थान मुद्दामा वैदेशिक रोजगारमा पठाउने देश उल्लेख भएको देखिदैन । वैदेशिक रोजगारमा कुन देश पठाउने भन्ने उल्लेख नगरी रकम पीडितले बुझाउने गरेको देखियो ।

**६. अभियुक्तको बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | आवश्यक पर्ने विवरण पूरा खुलाइएको | २३ थान |
| २. | आंशिक विवरण खुलाइएको | ६ थान |
| ३ | आवश्यक पर्ने विवरण नखुलाइएको | १ थान |

अध्ययन गरिएका ३० थान मुद्दामध्ये २३ थान मुद्दाका अभियुक्तको बयान गर्दा अनुसन्धान अधिकृतले अभियुक्तको नाम, थर, वतन, कसूरमा संलग्नता, संलग्न अन्य अभियुक्तको विवरण र संलग्नताको मात्रा लगायतका खुलाउन आवश्यक पर्ने विवरण खुलाइएको अवस्था देखिन्छ

भने अभियुक्तहरुको आंशिक विवरण ६ थान मुद्दामा खुलाएको पाइयो । आवश्यक पर्ने विवरण नखुलाई बयान लिएको अवस्था एक थान मुद्दामा रहेको देखियो । अभियोजनका लागि आवश्यक पर्ने सम्पूर्ण विवरणहरु सवै अभियुक्तबाट सवै मुद्दाको बयानमा खुलाएको देखिएन ।

**७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | ३ दिन बाँकी रहँदा | ८ थान |
| २ | १० दिन बाँकी रहदाँ | १४ थान |
| ३. | धरौटीमा रहेको | ४ थान |
| ४ | अन्य मुद्दामा हिरासतमा रहेको र नखुलेको | ४ थान |

अध्ययन गरिएका मुद्दामध्ये ८ थान मुद्दामा अभियुक्तहरुलाई हिरासतमा राख्न ३ दिन म्याद बाँकी रहँदा राय सहित मिसिल सरकारी वकील कार्यालयमा अभियोजन सम्बन्धी निर्णयका लागि पठाएको देखिन्छ भने १४ थान मुद्दामा पक्राउ परेका अभियुक्तको हकमा हिरासतमा राख्न १० दिन म्याद बाँकी रहदा राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ । हिरासतमा राख्ने अन्तिम अवस्थामा मात्र मिसिल सरकारी वकील कार्यालयमा पठाएको अवस्था देखिएन । अनुसन्धान अधिकृतले मिसिल अध्ययन गर्न, थप अनुसन्धान गर्न निर्देशन दिन लाग्ने पर्याप्त समय राखी सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ ।

**८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्देशन दिएको संख्या | ९ |
| २ | निर्देशन नदिएको संख्या | २१ |





अध्ययन गरिएका सवै ३० थान मुद्दामा राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न ९ थान मुद्दामा निर्देशन दिएको अवस्था देखिन्छ भने १९ थान मुद्दामा निर्देशन दिएको देखिदैन । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त म्याद रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न सरकारी वकीलबाट निर्देशन नदिएको अवस्थाले अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील थप अनुसन्धानका लागि निर्देशन दिने कुरामा उदासीन रहेको भन्ने पनि देखिन आउछ ।

**९. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | २८ थान |
| २ | आशिक मुद्दा चलाउने | २ थान |
| ३ | मुद्दा नचलाउने | छैन |

अध्ययन गरिएका ३० थान मुद्दामा अनुसन्धान कार्य समाप्त गरी अनुसन्धानकर्ताले प्रस्तावित राय सहित मिसिल सरकारी वकील समक्ष पठाएकोमा अनुसन्धान गरिएका २८ थान मुद्दाका सवै अभियुक्तहरु उपर मुद्दा चलाउन प्रस्ताव गरिएको देखिन्छ । २ थान मुद्दामा आशिंक रुपमा मुद्दा चलाउने गरी राय पेश गरेको देखियो । सामान्यतया अनुसन्धान गरिएका सवै अभियुक्तहरु उपर मुद्दा चलाउने प्रमाण रहेको अवस्था अनुसन्धानकर्ताको राय र निष्कर्षले देखाउँछ ।

**१०. रायमा प्रतिवादी पिच्छे कसूर र सजायको दावी प्रस्ताव गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै उपर एउटै दावी गरिएको | २१ |
| २ | प्रतिवादी पिच्छे फरक | ९ |

अनुसन्धानकर्ताको रायमा मुद्दा चलाईएका अभियुक्तहरुको हकमा २१ थान मुद्दामा सबै अभियुक्त उपर एउटै दावी लिइएको देखिन्छ भने प्रति अभियुक्त कसूर र सजायको दावी केवल ९ थान मुद्दामा मात्र लिएको देखियो । अभियोजनका लागि प्रस्ताव गर्दा अभियुक्तको संलग्नता, प्रमाणको अवस्था, कसूर र सजायको दावी फरक फरक रुपमा गर्नुपर्नेमा सो गरेको अवस्था देखिएन ।

## ११. सरकारी वकील कार्यालयबाट निणर्य पूर्व दिएको निर्देशन पूरा भएको छ छैन ?

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पूरा भएको | ४ |
| २ | आशिक रुपमा पूरा भएको | १ |
| ३ | पूरा नभएको | ४ |

सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएका ९ थान मुद्दामध्ये ४ थान मुद्दामा अनुसन्धानकर्ताले निर्देशन अनुसारको कार्य पूरा भएको देखिन्छ भने १ थान मुद्दामा आंशिक रुपमा निर्देशनको पालना र कार्यान्वयन गरेको देखिन्छ । ४ थान मुद्दामा सरकारी वकीलको निर्देशन पालना गरेको वा पूरा गरेको देखिदैन । यसमा अनुसन्धानकर्ताको भुमिका प्रभावकारी बन्न नसकेको देखियो ।

## १२. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | २८ थान |
| २ | आशिक मुद्दा चलाउने | २ थान |
| ३ | मुद्दा नचलाउने | छैन |





अनुसन्धान पश्चात प्राप्त मिसिल अध्ययन गरी प्रमाणका आधारमा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने गरी निर्णय गर्दछन् । अध्ययन गरिएका २८ मुद्दामा सवै आरोपित उपर सरकारी वकीलबाट मुद्दा चलाउने गरी निर्णय भएको देखियो । २ थान मुद्दामा केही अभियुक्त उपर मुद्दा नचलाउने र केहीको हकमा चलाउने गरी आशिक निर्णय भएको देखियो । अनुसन्धानबाट संकलित प्रमाण पर्याप्त भएको कुरामा सरकारी वकील सन्तुष्ट रहेको र अभियोजन गर्ने निर्णय गरेको अनुमान गर्न सकिन्छ ।

## १३. आंशिक मुद्दा चलाउने निर्णय भएकोमा कागजात सहित माथिल्लो निकायमा पठाएको छ छैन ?

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पठाएको | ० |
| २ | नपठाएको | २ |

आशिक रुपमा मुद्दा चलाउने निर्णय भएकोमा निर्णय, अनुसन्धानकर्ताको रायको प्रतिलिपी सहितका कागजात सहित माथिल्लो निकायमा पठाउनुपर्ने हुन्छ । आंशिक रुपमा मुद्दा चलाउने निर्णय गरिएका २ थान मुद्दामा आवश्यक कागजात सहितको जानकारी सरकारी वकील कार्यालयबाट माथिल्लो सरकारी वकील कार्यालयमा पठाएको देखिएन ।

## १४. मुद्दा चलाउने निर्णय भएको कति दिनभित्र अभियोगपत्र दायर भएको छ ?

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्णय भएकै दिन | ० थान |
| २ | निर्णय भएको ३ दिनभित्र | २२ थान |
| ३. | ७ दिन भित्र | ४ थान |
| ४. | ७ दिन पछि | ४ थान |

सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएको ३ दिनभित्र २२ थान मुद्दामा अनुसन्धानकर्ताले वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग पत्र दायर गरेको देखिन्छ भने ४ थान मुद्दामा ७ दिनभित्र र ४ थान मुद्दामा ७ दिनपछि अभियोग पत्र दायर गरेको देखिन्छ। सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएपछि अभियोगपत्र तयार गरी दायर गर्न लामो समय लाग्नु स्वच्छ सुनुवाई र छिटो न्याय पाउने कुरामा चुनौति हो। यसमा अनुसन्धानकर्ताको ध्यान पुगेको देखिएन।

**१५. अभियोगपत्रमा माग दावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन** ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | ३० थान |
| २ | उल्लेख नगरिएको | ० थान |

अध्ययन गरिएका सवै ३० थान मुद्दाको अभियोगपत्रमा कसूर र सजायको मागदावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको देखिन्छ। अनुसन्धानकर्ताको दक्षता र सरकारी वकीलको निर्णयका आधारमा दावी लिने कार्यले दावीमा प्रष्टता रहेको भन्न सकिन्छ।

**१६. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको प्रष्ट विवरण उल्लेख गरिएको छ छैन** ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | ३० थान |
| २ | उल्लेख नगरिएको | ० थान |





अध्ययन गरिएका सवै मुद्दाको अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको प्रष्ट विवरण उल्लेख गरेको देखिन्छ।

**१७. अभियोगपत्रमा अनुसन्धानकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन** ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | खुलाइएको | ३० थान |
| २ | नखुलाएको | ० थान |

अभियोगपत्रमा अनुसन्धानकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था अध्ययन गरिएका सवै मुद्दामा देखिन्छ। अनुसन्धानकर्ता यस कुरामा सजग रहेको देखियो।

**१८. अभियोजनको निर्णय अनुसार अभियोगपत्र दायर भएको छ छैन** ?

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | दायर भएको | ३० थान |
| २ | फरक अभियोग लगाई दायर गरेको | ० थान |

अध्ययन गरिएका सवै ३० थान मुद्दाको अभियोगपत्रमा सरकारी वकीलको अभियोजन सम्बन्धी निर्णयका आधारमा नै अभियोगपत्र दायर भएको देखिन्छ। सरकारी वकीलको निर्णय भन्दा फरक दावी लिई अभियोग दायर गरेको कुनै पनि मुद्दामा पाइएन।

## ३.२.४. लागू औषध सम्बन्धी मुद्दा

लागू औषध सम्बन्धी मुद्दामा सुनसरी जिल्ला अदालतमा विचाराधिन रहेका कुल २८ थान मुद्दाको अभियोजनको अवस्थाको अध्ययन गरिएको छ। सो का लागि लागू औषध

सम्बन्धि तीन प्रकारका मुद्दाका (हिरोईन, गाँजा र अन्य प्रकृति) मिसिलमा रहेका कागजातका आधारमा प्रश्नावली अनुसार तथ्यांक संकलन गरिएको छ । अध्ययन गरिएका २८ थान मुद्दामा प्रश्नावली अनुसारको तथ्यांकको अवस्था देहाय अनुसार रहेको पाइयो ।

**१. अपराध भएको कति समय पछि सूचना दिइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अपराध भएकै दिन | २८ | १००% |
| २ | अपराध भएको ७ दिनभित्र | ० | |

अध्ययन गरिएका २८ वटा लागू औषध सम्बन्धी मुद्दामा अपराध भएकै दिन अपराध सम्बन्धी सूचना प्रहरी कार्यालयमा दिइएको देखिन्छ । प्रहरीले लागू औषध बरामद गरेको र बरामद गरी प्रतिवेदन सहित पेश गर्ने भएको हुँदा अपराध भएकै दिन जाहेरी परेको देखिन्छ ।

**२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति दिन पछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ?**

| क्र.स. | विवरण | मुद्दा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उसै दिन | ० | |
| २ | ३ दिन भित्र | २७ थान | |
| ३. | मिसिल सामेल नरहेको | १ थान | |

अपराधको सूचना दर्ता भए पछि प्रहरी कार्यालयले प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । यसरी प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सो मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउने गरी प्रमाण संकलन लगायतका विषयमा निर्देशन दिन सक्दछ । अध्ययन गरिएका २८ मुद्दा मध्ये २७ थान मुद्दामा ३





दिनभित्र प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाएको देखिन्छ भने १ थान मुद्दामा प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाएको देखिदैन । प्रारम्भिक प्रतिवेदन छिटो सरकारी वकील कार्यालयमा पठाएको अवस्था देखिएन ।

**३. प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सोमा के कारवाही गरेको छ ?**

| क्र.स. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन दर्ता गरेको | २८ थान |
| २ | प्रारम्भिक प्रतिवेदन दर्ता नगरेको | ० थान |
| ३ | . निर्देशन दिएको | ८ थान |
| ४. | निर्देशन नदिएको | २० थान |

जाहेरी वा प्रहरी प्रतिवेदन दर्ता भएपछि प्रहरी कार्यालयबाट सरकारी वकील कार्यालयमा २७ थान मुद्दामा प्रारम्भिक प्रतिवेदन पठाएकोमा प्राप्त प्रतिवेदन सरकारी वकील कार्यालयमा दर्ता भएको र ८ थानमा अनुसन्धानका लागि निर्देशन दिएको देखिन्छ । १९ थानमा कुनै निर्देशन दिएको वा दिनुनपर्ने भनी जनाई राखेको देखिदैन ।

**४. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कहाँ गराइएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सरकारी वकील कार्यालयमा | २८ थान |
| २ | प्रहरी कार्यालयमा | ० थान |

अध्ययन गरिएका २८ थान मुद्दामा पक्राउ परेका सबै मुद्दामा अभियुक्तहरुको वयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष अनुसन्धान अधिकृतले गराएको देखिन्छ । अभियुक्तको वयान अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष गराउने कानुनी व्यवस्थाको प्रयोग सबै मुद्दामा भएको पाइयो ।

**५. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | आवश्यक पर्ने विवरण पूरा खुलाइएको | २७ थान |
| २ | आवश्यक विवरण नखुलाइएको | १ थान |

अध्ययन गरिएका २८ थान मुद्दामध्ये २७ थान मुद्दाका अभियुक्तको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र संलग्नता लगायतका खुलाउन आवश्यक पर्ने विवरण पूरा खुलाइएको अवस्था देखिन्छ भने १ थान मुद्दामा आवश्यक पर्ने विवरण खुलाइएको अवस्था देखिएन ।

**६. अनुसन्धानका क्रममा प्रहरीले सरकारी वकील समक्ष निर्देशन माग गरेको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्देशन माग गरेको | ० थान |
| २ | निर्देशन माग नगरेको | २८ थान |





अध्ययन गरिएका कुनै पनि मुद्दामा अनुसन्धानका क्रममा प्रहरीले सरकारी वकील समक्ष निर्देशन माग गरेको देखिदैन । अनुसन्धानकर्ताले निर्देशन माग गर्नुपर्ने आवश्यकता नदेखेको अवस्था देखियो ।

**७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहँदा सरकारी वकील कार्यालयमा पठाएको छ ।**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | ३ दिन वा सो भन्दा कम दिन बाँकी रहँदा | ६ थान |
| २ | ३ दिन भन्दा बढी दिन बाँकी रहदाँ | २२ थान |

अध्ययन गरिएका मुद्दामध्ये ६ थान मुद्दामा अभियुक्तहरुलाई प्रहरी हिरासतमा राख्न ३ दिन भन्दा कम म्याद बाँकी रहँदा राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ भने २२ थान मुद्दामा पक्राउ परेका अभियुक्तको हकमा प्रहरी हिरासतमा राख्न ३ दिन भन्दा बढी अवधिको म्याद बाँकी रहदै राय सहित मिसिल सरकारी वकील कार्यालयमा पठाएको देखिन्छ। प्रहरी हिरासतमा राख्ने अन्तिम अवस्थामा मात्र मिसिल सरकारी वकील कार्यालयमा पठाएको अवस्था नभै मिसिल अध्ययन गर्न लाग्ने आवश्यक समय बाकी राखी सरकारी वकील समक्ष अनुसन्धानकर्ताले फाइल पठाएको देखिन्छ ।

**८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | निर्देशन दिएको संख्या | ११ थान |
| २ | निर्देशन नदिएको संख्या | १७ थान |

अध्ययन गरिएका २८ थान मुद्दा मध्ये ११ थान मुद्दामा राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएको अवस्था देखिन्छ भने १७ थानमा निर्देशन दिएको देखिदैन । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त म्याद रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न अधिकांश मुद्दामा सरकारी वकीलबाट निर्देशन नदिएको अवस्थाले एकातिर प्रहरी अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील निर्देशन दिने कुरामा उदासीन रहेको भन्ने पनि देखाउँछ ।

**९.अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | २८ |
| २ | आंशिक मुद्दा चलाउने | छैन |
| ३ | मुद्दा नचलाउने | छैन |

अध्ययन गरिएका २८ थान मुद्दामा अनुसन्धान कार्य समाप्त गरी अनुसन्धानकर्ताले प्रस्तावित राय सहित मिसिल सरकारी वकील समक्ष पठाउदा अनुसन्धान गरिएका सबै अभियुक्तहरु उपर मुद्दा चलाउन प्रस्ताव गरिएको देखिन्छ । आशिंक रुपमा कसै उपर मुद्दा चलाउने र कसैउपर मुद्दा नचलाउने गरी राय पेश गरेको पाईदैन ।





**१० सक्कल मिसिलसाथ लागू औषध बरामद भएका सामाग्री, नमुना राखेका खोल राखे नराखेको के छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | राखेको | छैन |
| २ | नराखेको | २८ थान |

सक्कल मिसिल साथ लागू औषध बरामद भएका सामाग्री, नमुना राखेका खोल संलग्न गरी पठाएको देखिदैन । अभियोजनका लागि प्रमाण लाग्न सक्ने दशी प्रमाणको रुपमा पेश गर्न सकिने बस्तु सक्कल मिसिल साथ संलग्न गरी पठाएको देखिएन । सरकारी वकीलले माग गरेको समेत देखिएन ।

**११. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | सबै अभियुक्त उपर मुद्दा चलाउने | २६ |
| २ | आशिक मुद्दा चलाउने | २ |
| ३ | मुद्दा नचलाउने | छैन |

अनुसन्धान पश्चात प्राप्त मिसिल अध्ययन गरी प्रमाणका आधारमा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने गरी निर्णय गर्दछन् । अध्ययन गरिएका २८ थान मुद्दामध्ये २६ थान मुद्दाका सवै आरोपित उपर सरकारी वकीलबाट मुद्दा चलाउने गरी निर्णय भएको देखियो भने २ थान मुद्दामा आशिंक रुपमा मुद्दा चलाउने निर्णय भएको देखियो । प्रहरी अनुसन्धानबाट संकलित प्रमाण पर्याप्त भएको कुरामा सरकारी वकील सन्तुष्ट रहेको र अभियोजन गर्ने निर्णय गरेको अनुमान गर्न सकिन्छ ।

**१२. आंशिक मुद्दा चलाउने निर्णय भएकोमा कागजात सहित माथिल्लो निकायमा पठाएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पठाएको | ० |
| २ | नपठाएको | २ |

आशिक रुपमा मुद्दा चलाउने निर्णय भएकोमा निर्णय,अनुसन्धानकर्ताको राय सहितका कागजात माथिल्लो निकायमा पठाउनुपर्ने हुन्छ । आंशिक रुपमा मुद्दा चलाउने निर्णय गरिएका २ थान मुद्दामा आवश्यक कागजात सहितको जानकारी सरकारी वकील कार्यालयबाट माथिल्लो सरकारी वकील कार्यालयमा पठाएको देखिएन ।

**१३. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | सोही दिन | ६ थान |
| २. | ३ दिनभित्र | ९ थान |
| ३. | ३ दिनपछि | १३ थान |

अनुसन्धान अधिकृतको राय सहित प्राप्त २८ थान मिसिलमध्ये ६ थान मुद्दामा सोही दिन सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएको देखिन्छ भने ९ थान मुद्दामा मिसिल प्राप्त भएको ३ दिनभित्र मुद्दा चलाउने निर्णय भएको देखिन्छ । यसैगरी १३ थान मुद्दामा मिसिल प्राप्त भएको मितिले ३ दिन पछि मुद्दा चलाउने निर्णय भएको देखियो ।





**१४. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | नाम, थर, वतन खुलाइएको | २८ थान |
| २. | गाँउ टोल खुलाइएको | छैन |
| ३. | नागरीकता नं. नखुलाइएको | ५ थान |
| ४. | मोवाईल नं. नखुलाइएको | ५ थान |

अभियोगपत्रमा अभियुक्तहरुको वतन प्रष्ट खुलाउनु सरकारी वकीलको कर्तव्यभित्र पर्दछ । अभियुक्त फरार रहेकोमा निजको स्पष्ट वतन खुल्न सकेमा म्याद तामेल हुन, मुद्दा चलाईएको व्यक्ति पहिचान गर्न र फैसला कार्यान्वयन गर्न समेत सजिलो हन्छ । अध्ययन गरिएका २८ थान मुद्दामा अभियुक्तको नाम थर वतन सवै मुद्दामा खुलेको देखियो भने अभियुक्तको गाँउ, टोल उल्लेख गरेको देखिएन । फरार अभियुक्तको हकमा कुनैपनि मुद्दामा अभियुक्तको गाँउ, टोल खुलेको देखिदैन भने अभियुक्तको नागरीकता नं तथा फोन न. खुलेको समेत देखिएन ।

**१५. अभियुक्तको पटके खुले नखुलेको र पटकेमा दावी गरिएको छ छैन ?**

| क.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पटके नखुलेको | २० थान |
| २ | पटके खुलेको र मागदावी लिएको | ८ |

अध्ययन गरिएका २८ थान मुद्दामा २० थान मुद्दामा अभियुक्तको पटके नखुलेको अवस्था देखियो भने पटके खुलेका मुद्दा संख्या ८ रहेको पाइयो । पटके खुलेकोमा थप सजायको मागदावी लिएको पाइयो । अभियोजन गर्दा पटक पटक अपराध गर्नेलाई थप सजायको दावी लिनुपर्ने कानुनी व्यवस्थाको पालना गरेको देखियो ।

**१६. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | प्रति अभियुक्त दावी र कसूर उल्लेख गरेको | ७ थान |
| २ | संयुक्त कसूर उल्लेख गरी दावी गरिएको | २१ थान |

अध्ययन गरिएका २८ थान मुद्दामध्ये ७ थान मुद्दाको अभियोगपत्रमा अभियुक्तको कसूर र दावी प्रति अभियुक्त छुटट्ा छुट्टै रुपमा उल्लेख गरिएको देखिन्छ भने २१ थान मुद्दाको अभियोगपत्रमा अभियुक्तहरुको संयुक्त कसूर उल्लेख गरी अभियोगदावी गरिएको देखियो । यसबाट अभियुक्तको कसूर र दावी प्रति अभियुक्त छुटट्ा छुट्टै रुपमा उल्लेख गरी दावी लिनुपर्ने कुरामा सरकारी वकील उदासीन रहेको देखिन्छ ।

**१७. अभियोगपत्रमा वारदात मिति, समय, स्थान र वारदात पुष्टि हुने गरी व्यहोरा उल्लेख गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | पुष्टि गरिएको | २४ थान |
| २ | सवै पुष्टि नगरिएको | ४ थान |

अध्ययन गरिएका २८ थान मुद्दामा २४ थानमा वारदात मिति, समय, स्थान र वारदात पुष्टि हुने गरी अभियोगपत्रमा व्यहोरा उल्लेख गरेको देखिन्छ भने ४ थान मुद्दामा वारदात मिति, समय, स्थान र वारदात समेतका कुरा पुष्टि हुने गरी उल्लेख गरेको देखिएन ।





**१८. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | विश्लेषण गरिएको | २७ थान |
| २ | विश्लेषण नगरिएको | १ थान |

अध्ययन गरिएका २७ थान मुद्दाको अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरेको देखिन्छ भने १ थान मुद्दामा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको पाइएन ।

**१९. अभियोग दावी लिँदा लागू औषधको कारोवार र सेवन दुवैको दावी लिइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | दुवै दावी लिएको | ० थान |
| २ | दुवै दावी नलिएको | २८ थान |

अध्ययन गरिएका २८ थान मुद्दामा अभियोग दावी लिँदा लागू औषधको कारोवार र सेवन तर्फ दुवै कसूरमा सजायको दावी लिएको देखिदैन । अभियुक्तहरुलाई लागू औषधको कारोवारमा दावी लिँदा सेवन तर्फ दावी गरेको अवस्था देखिएन ।

**२०. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | उल्लेख गरिएको | २८ थान |
| २ | उल्लेख नगरिएको | ० थान |

अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको देखिन्छ । तर साक्षीको नाम, थर, वतन प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन ।

**२१. गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा कसरी उल्लेख गरिएको छ ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | जाहेरवाला,देख्ने,सुन्ने र बुझिएका मानिस भनी | २८ थान |
| २ | जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख गरी | ० थान |

अध्ययन गरिएका सवै २८ थान मुद्दामा गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा प्रतिवेदक ,देख्ने,सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखियो । प्रतिवेदक, देख्ने, सुन्ने साक्षीको नाम थर प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन । यसले कुन व्यक्ति अभियोजनको गवाह वा साक्षी हो भन्ने प्रष्ट हुन सक्दैन । सबुद प्रमाण खण्डमा साक्षी प्रमाण उल्लेख गर्ने कुरामा सरकारी वकीलले ध्यान पुराउन नसकेको अवस्था देखियो ।

**२२. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?**

| क्र.स | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १ | खुलाइएको | २८ थान |
| २ | नखुलाएको | ० थान |

अध्ययन गरिएका सवै मुद्दाको अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखियो ।



# परिच्छेद चार

## अध्ययनबाट देखिएको तथ्य, निष्कर्ष र सुझाव

### ४.१. अध्ययनबाट देखिएको तथ्य

अध्ययन गरिएका चार प्रकारका मुद्दाको मिसिलमा देखिएको अभियोजनको अवस्थाको तथ्य (Findings) यसप्रकार रहेको देखिन्छ ।

### ४.१.१ अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दा

१. अपराधको सूचना संभव भएसम्म तत्कालै दिनुपर्ने र यसले अनुसन्धान कार्य तत्काल अगाडि बढाउन मद्दत पुग्ने अवस्था रहेपनि ५० प्रतिशत मुद्दामा अपराध भएको तत्कालै नभै अपराध भएको ७ दिनको हाराहारीमा जाहेरी दिएको देखियो । यसले अपराध भएको तत्कालै जाहेरी दिने कुरामा सचेतना नपुगेको देखिन्छ ।

२. अपहरण तथा शरीर बन्धक मुद्दामा अपराधको सूचना प्राप्त भएपछि तुरुन्त प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाएको देखिएन भने कतिपय मुद्दामा प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा नपठाएको समेत देखिन्छ । प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा दर्तासम्म हुने गरेको पनि देखिएन भने प्रारम्भिक प्रतिवेदनका आधारमा अनुसन्धानका लागि निर्देशन दिएको वा निर्देशन दिनु नपर्ने भनी जनाई राखेको समेत देखिएन । राय सहित मिसिल प्राप्त भएपछि पनि अनुसन्धानलाई थप

प्रभावकारी बनाउन र प्रमाण संकलन गर्ने कुरामा निर्देशन दिनुपर्ने तर्फ सरकारी वकील जागरुक बन्न सकेको देखिएन ।

३. पक्राउ परेका अभियुक्तहरुको वयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष अनुसन्धान अधिकृतले गराएको देखिएतापनि वयान गराउने कार्य छिटो र तत्काल हुने गरेको अवस्था देखिदैन ।

४. अपहरण तथा शरीरबन्धक मुद्दाका अभियुक्तहरुको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र निजहरुको संलग्नता लगायतका आवश्यक पर्ने विवरण पूरा रुपमा खुलाइएको अवस्था देखिन्छ । अभियुक्तको वयानमा सोध्नुपर्ने कुरा खुलाई लेखवद्ध गर्ने कार्यमा अनुसन्धानकर्ता र सरकारी वकीलले कार्य गरेको देखिन्छ ।

५. मिसिल अध्ययन गर्न लाग्ने पर्याप्त समयलाई ध्यानमा राखी अनुसन्धानकर्ताबाट सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ । तर थप अनुसन्धानका लागि सरकारी वकीलले निर्देशन दिएको देखिदैन । तथापि अनुसन्धान अधिकृतको राय सहित प्राप्त मिसिलमा मुद्दा चलाउने निर्णय गर्न सरकारी वकीललाई ३ देखि ७ दिनसम्म लागेको देखिन्छ । यसबाट अभियोजनको निर्णयमा अनावश्यक ढिलाई भएको देखिएको छ भने अभियुक्तको मुद्दा हेर्ने अधिकारी समक्ष छिटो उपस्थित भै आरोप बारे प्रतिरक्षा गर्न पाउने अधिकारमा पनि असर परेको देखिन्छ ।

६. अनुसन्धान पश्चात राय सहितको मिसिल पठाउँदा सबै अभियुक्त उपर मुद्दा चलाउन राय पेश गरेको देखियो भने सरकारी





वकीलबाट सबै मुद्दामा सबै आरोपित उपर मुद्दा चलाउने गरी नै निर्णय गरी अभियोगपत्र दायर गरेको देखियो । कुनै पनि अभियुक्त उपर मुद्दा नचलाउने गरी निर्णय भएको नदेखिएकोले प्रहरी अनुसन्धानबाट संकलित प्रमाण पर्याप्त भएको कुरामा सरकारी वकील सन्तुष्ट रहेको र अभियोजन गर्ने निर्णय गरेको अनुमान गर्न सकिन्छ ।

७. अभियोगपत्रमा अभियुक्तहरुको वतन प्रष्ट खुलाउनु सरकारी वकीलको कर्तव्यभित्र पर्दछ । अभियुक्त फरार रहेकोमा निजको स्पष्ट वतन खुल्न सकेमा म्याद तामेल हुन, मुद्दा चलाइएको व्यक्ति पहिचान गर्न र फैसला कार्यान्वयन गर्न समेत सजिलो हन्छ ।

८. अभियोगपत्रमा अभियुक्तहरुको नाम, थर वतन सबै मुद्दामा खुलाइएको देखिन्छ भने तर कुनैपनि मुद्दामा अभियुक्तको गाँउ, टोल खुलेको देखिदैन भने केही मुद्दामा अभियुक्तको नागरीकता नं. र फोन नं. उल्लेख गरेको समेत देखिएन । अभियोगपत्र साथ अभियुक्तहरुको फोटो अधिकांश मुद्दामा संलग्न गरेको देखिदैन । अनुसन्धानकर्ता एवं सरकारी वकीलले यसमा पर्याप्त ध्यान दिन सकेको देखिदैन ।

९. अभियोगपत्रमा अभियुक्तको कसूर र दावी प्रति अभियुक्त छुट्टा छुट्टै रुपमा उल्लेख गरिएको देखिन्छ भने अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको विश्लेषण समेत सिलसिलेवार रुपमा प्रस्तुत गरेको देखियो । साथै सम्बन्धित अभियोजन गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट उल्लेख गरेको

देखिन्छ । तसर्थ अभियोजन गर्ने कार्यमा सरकारी वकीलले पर्याप्त ध्यान दिएको देखिन्छ ।

१०. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरणमा जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखिन्छ । तर गवाह तथा साक्षीको नाम, थर, वतन प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाईदैन ।

११. अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखिन्छ ।

### ४.१.२. मानव वेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा

१. मानव वेचविखन तथा ओसारपसार सम्बन्धी कसूर सम्बन्धी मुद्दामा वेचिएको वा ओसारपसार गरिएको व्यक्तिले जाहेरी दिएकोमा सम्भव भएसम्म तत्कालै पीडितको वयान लिई नजिकको अदालतमा लगी वयान प्रमाणित गराउनुपर्ने हुन्छ । अध्ययन गरिएका मुद्दामा तत्कालै पीडितको वयान प्रमाणित गरिएको देखिदैन । कतिपय मुद्दामा वयान प्रमाणित जाहेरी परेको कति दिनमा भयो भन्ने खुल्न सकेको समेत देखिदैन ।

२. अपराधको सूचना दर्ता भएपछि प्रहरी कार्यालयले प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । अध्ययन गरिएका ४ थान मुद्दामध्ये २ थान मुद्दामा जाहेरी वा अपराधको सूचना दर्ता भएको ३ दिनभित्र र २ थान मुद्दामा ७ दिन भित्र प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष





पठाइएको देखिन्छ । अपराध दर्ता भएको तत्कालै प्रारम्भिक प्रतिवेदन पठाएको अवस्था देखिदैन ।

३. प्रहरी कार्यालयबाट सरकारी वकील कार्यालयमा प्रारम्भिक प्रतिवेदन पठाएकोमा प्राप्त प्रतिवेदनमा सरकारी वकीलले दर्ता गरी फाइल गरेको देखिएपनि कुनै पनि मुद्दामा सरकारी वकीलले अनुसन्धानका लागि निर्देशन दिएको वा निर्देशन दिनुनपर्ने भनी जनाई राखेको देखिदैन । निर्देशन दिने कुरामा सरकारी वकील उदासीन रहेको देखियो ।

४. पक्राउ परेका अभियुक्तहरुको वयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष अनुसन्धान अधिकृतले गराएको देखिन्छ । अभियुक्तको वयान अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष गराउने कानुनी व्यवस्थाको प्रयोग सवै मुद्दामा भएको पाइयो । तर अध्ययन गरिएका अधिकांश मुद्दामा पक्राउ परेको ७ दिनभित्र मात्र अभियुक्तको वयान लिएको स्थितिले बयान लिने कार्य तत्काल भएको देखिएन ।

५. अभियुक्त पक्राउ परेको केही मुद्दाका अभियुक्तको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र संलग्नता लगायतका खुलाउन आवश्यक पर्ने विवरण पूरा खुलाइएको अवस्था देखिन्छ भने केही मुद्दामा आवश्यक पर्ने केही विवरण मात्र खुलाइएको अवस्था देखिन्छ । अभियोजनका लागि आवश्यक पर्ने विवरणहरु सवै अभियुक्तबाट खुलाएको अवस्था देखिएन ।

६. प्रहरी हिरासतमा राख्ने अन्तिम अवस्थामा मात्र मिसिल सरकारी वकील कार्यालयमा पठाएको अवस्था नभै मिसिल अध्ययन गर्न आवश्यक पर्याप्त समय बाँकी राखी सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ ।

७. राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएको अवस्था देखिएन । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त म्याद रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न सरकारी वकीलबाट निर्देशन नदिएको अवस्थाले एकातिर प्रहरी अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील निर्देशन दिने कुरामा उदासीन रहेको भन्ने पनि देखिन्छ ।

८. अनुसन्धानकर्ताले सबै अभियुक्तहरु उपर मुद्दा चलाउने गरी राय सरकारी वकील समक्ष प्रस्तुत गरेको देखिन्छ भने सरकारी वकीलबाट समेत सवै उपर मुद्दा चलाउने निर्णय गरेको देखिन्छ । कुनै पनि मुद्दामा आंशिक रुपमा कसै उपर मुद्दा नचलाउने गरी अभियोजनको निर्णय भएको देखिदैन । सवै मुद्दाका अभियुक्तहरु उपर मुद्दा चलाउन प्रमाण पर्याप्त रहेको आधारमा मुद्दा चलाउने गरी सरकारी वकीलले  निर्णय गरेको देखिन्छ ।

९. राय सहित प्राप्त मिसिलमा मुद्दा चलाउने निर्णय गर्ने कुरामा सरकारी वकीलले हिरासतमा राख्ने म्याद रहेसम्म निर्णय नगर्ने र म्याद सकिने अवस्थामा मुद्दा चलाउने निर्णय गर्ने गरेको देखियो ।





१०. अभियोगपत्रमा पक्राउ परेका अभियुक्तहरु र फरार रहेको अभियुक्तहरुको नाम, थर, वतन प्रष्ट रुपमा खुलाइएको देखिन्छ भने कुनै पनि मुद्दामा अभियुक्तको गाँउ, टोल, नागरीकता नं र मोवाईल नम्वर उल्लेख गरेको देखिएन । पक्राउ परेका अभियुक्त र सम्भव भएसम्म फरार अभियुक्तहरुको नाम, थर वतन र गाँउ, टोल नागरीकता नं. सहितको परिचय खुल्ने विवरण अभियोगपत्रमा खुलाउनु पर्ने व्यवस्था रहेको सन्दर्भमा यस तर्फ पूरा ध्यान दिएको देखिएन ।

११. अध्ययन गरिएका ४ थान मुद्दामा २ थान मुद्दामा अभियुक्तको फोटो मिसिल संलग्न रहेको देखियो भने २ थान मुद्दामा फोटो संलग्न गरेको देखिएन । सरकारी वकीलले यसमा पर्याप्त ध्यान दिन सकेको देखिदैन ।

१२. अभियोगपत्रको केश व्यहोरा अन्तर्गत अपराध सम्बन्धी सूचना, वारदात सम्बन्धी विवरण, बयान प्रमाणका व्यहोराहरु अनुसन्धानकर्ताले उल्लेख गरी पठाए अनुसार सरकारी वकीलले केही मुद्दामा जस्ताको तस्तै उल्लेख गरेको र केही मुद्दामा सामान्य परिमार्जन गरेको देखियो ।

१३. अभियोगपत्रमा अभियोग लगाईएका अभियुक्तहरु ३ थान मुद्दामा प्रति अभियुक्त कसूर र दावी उल्लेख गरेको देखियो भने १ थान मुद्दामा गोश्वरा रुपमा दावी गरेको देखियो । प्रति अभियुक्त कसूर र सजायको मागदावी लिने कुरामा अभियोजनकर्ताको कार्य प्रभावकारी बन्न सकेको देखिएन ।

१४. अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गर्नुपर्नेमा केही मुद्दामा सिलसिलेवार रुपमा प्रस्तुत गरेको देखियो केही अर्थात आधा मुद्दामा सिलसिलेवार रुपमा उल्लेख गरेको देखिएन । यसैगरी अभियोगपत्रमा अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको यथेष्ट विश्लेषण २ थान मुद्दामा गरेको देखिएको छ भने २ थान मुद्दामा विश्लेषण गरेको देखिदैन । सरकारी वकीलले अभियोजन कार्य गर्दा मिसिलमा रहेको तथ्य र प्रमाणको विश्लेषण गर्ने कार्यमा पर्याप्त मात्रामा ध्यान दिन सकेको देखिएन ।

१५. अभियोजन गर्दा दावी गर्दा कसूर र सजायमा सम्बन्धित कानुनी व्यवस्थालाई उल्लेख गर्ने कार्य सवै मुद्दामा भएको देखियो । अभियुक्तको कसूर अनुसार सजायको मागदावी गर्ने कुरामा सरकारी वकील सचेत रहेको देखियो ।

१६. अभियोगपत्रको साक्षी तथा सबुद प्रमाण खण्डमा जाहेरवाला,देख्ने,सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखियो । जाहेरवाला, देख्ने सुन्ने साक्षीको नाम प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन । यसले कुन व्यक्ति अभियोजनको गवाह वा साक्षी हो भन्ने प्रष्ट हुन सक्दैन । सबुद प्रमाण खण्डमा साक्षी प्रमाण उल्लेख गर्ने कुरामा सरकारी वकीलले ध्यान पुऱ्याउन नसकेको अवस्था देखियो ।

१७. मानव वेचविखन तथा ओसारपसार मुद्दामा २०६४ साल पूर्वको वारदातमा तत्काल बहाल रहेको जिउमास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ र विद्यमान मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ समेत उल्लेख गरी कसूर र सजायको





मागदावी गर्नुपर्ने हुन्छ । अध्ययन गरिएका चारवटा मुद्दा मध्ये एउटामा पुरानो ऐनको मात्र दावी उल्लेख गरिएको देखियो भने ३ थान मुद्दामा नयाँ ऐनको मात्र मागदावी गरेको देखिन्छ । यसमा सरकारी वकीलको ध्यान पुगेको अवस्था देखिएन ।

१८. अभियोग दावी लिँदा तीन थान मुद्दामा अभियुक्त उपर प्रमाणका आधारमा कसूर अनुसार दावी लिइएको देखियो भने एक थान मुद्दामा अभियुक्त उपर राय प्रस्तावमा पूर्ण अपराधको दावी गरिएकोमा अभियोजन गरीदा कानुन र प्रमाण अनुसार उद्योग तर्फ अभियोजन गरेको पाइयो ।

१९. मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन,२०६४ को कसूर सम्बन्धी मुद्दामा दर्ता गर्दा सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दावी लिनसक्ने व्यवस्था सो ऐनको दफा २२ मा गरिएको छ । अध्ययन गरिएका चारवटै मुद्दामा अभियोजन गर्दा सो सम्बन्धी दावी सरकारी वकीलले लिएको अभियोगपत्रबाट देखिएन ।

२०. विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यबिधि निर्देशिका, २०६४ अनुसार पीडितको परिचयात्मक विवरण गोप्य राख्ने कार्य अभियोजनको क्रममा केही मुद्दामा भएको पाइएन । यसले गर्दा सो कार्यबिधिको कार्यान्वयनमा सरकारी वकीलको भूमिका प्रभावकारी देखिएन ।

२१. अध्ययन गरिएका सबै मुद्दाको अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखियो ।

### ४.१.३. वैदेशिक रोजगार सम्बन्धी मुद्दा

१. वैदेशिक रोजगार सम्बन्धी विषयमा रकम बुझाई सकेपछि निर्धारित समय भित्र विदेशमा रोजगारीका लागि नपठाएको वा भने अनुसारको काममा नलगाएको आधारमा अभियुक्त उपर कारवाहीका लागि जाहेरी दिने गरेको देखियो । यसरी जाहेरी दिदा रकम बुझाएको मितिबाट न्युनतम १ महिना र अधिकतम १ बर्षभित्र अपराधको सूचना दिने गरेको देखिन्छ ।

२. वैदेशिक रोजगार सम्बन्धी जाहेरी पीडितबाट नै पर्ने गरेको र जाहेरी दर्खास्तसाथ वैदेशिक रोजगारमा पठाउने भनी पीडितबाट अभियुक्तले रकम बुझिलिएको भर्पाइ समेत अनुसन्धानका लागि पेश गरेको देखियो । रकम बुझेको भर्पाइमा वैदेशिक रोजगारमा पठाउने भनी रकम बुझेको देखिन्छ भने केही मुद्दामा वैदेशिक रोजगारमा पठाउने वाहेक अन्य कुरा उल्लेख भएको समेत देखिन्छ ।

३. अभियुक्तको बयान गर्दा अनुसन्धान अधिकृतले अभियुक्तको नाम, थर, वतन, कसूरमा संलग्नता, संलग्न अन्य अभियुक्तको विवरण र संलग्नताको मात्रा लगायतका खुलाउन आवश्यक पर्ने विवरण खुलाइएको अधिकांश मुद्दामा देखिन्छ भने केही मुद्दामा अभियुक्तहरुको आंशिक विवरण खुलाएको देखिन्छ । कुनै मुद्दामा





आवश्यक पर्ने विवरण नखुलाई बयान लिएको अवस्था रहेको देखियो । अभियोजनका लागि आवश्यक पर्ने सम्पूर्ण विवरणहरु सबै अभियुक्तबाट सबै मुद्दाको बयानमा खुलाएको देखिएन ।

४. अभियुक्तलाई हिरासतमा राख्ने अन्तिम अवस्थामा नभै पर्याप्त समय बाँकी छदै मिसिल सरकारी वकील कार्यालयमा अभियोजनको निर्णयका लागि पठाएको अवस्था देखिन्छ । अनुसन्धान अधिकृतले मिसिल अध्ययन गर्न, थप अनुसन्धान गर्न निर्देशन दिन लाग्ने पर्याप्त समय राखी सरकारी वकील समक्ष फाइल पठाएको देखिन्छ ।

५. राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न ९ थान मुद्दामा मात्र निर्देशन दिएको देखिन्छ । अभियोजन गर्नु पूर्व अध्ययनका लागि पर्याप्त समय रहेको अवस्थामा पनि थप अनुसन्धान गर्न सरकारी वकीलबाट कम मुद्दामा मात्र निर्देशन दिएको अवस्थाले अनुसन्धानमा सरकारी वकील सन्तुष्ट रहेको अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी वकील थप अनुसन्धानका लागि निर्देशन दिने कुरामा उदासीन रहेको देखिन्छ ।

६. अनुसन्धानकर्ताले प्रस्तावित रायमा अनुसन्धान गरिएका २८ थान मुद्दाका सबै अभियुक्तहरु उपर मुद्दा चलाउन प्रस्ताव गरेको देखिन्छ भने २ थान मुद्दामा आंशिक रुपमा मुद्दा चलाउने गरी राय पेश गरेको देखियो । सामान्यतया अनुसन्धान गरिएका सबै अभियुक्तहरु उपर मुद्दा चलाउने प्रमाण रहेको स्थितिमा अनुसन्धानकर्ता रहेको देखिन्छ ।

७. अनुसन्धानकर्ताको रायमा मुद्दा चलाइएका अभियुक्तहरुको हकमा २१ थान मुद्दामा सवै अभियुक्त उपर एउटै अर्थात गोश्वारा दावी लिइएको देखिन्छ भने प्रति अभियुक्त कसूर र सजायको दावी केवल ९ थान मुद्दामा मात्र लिएको देखियो । अभियोजनका लागि प्रस्ताव गर्दा अभियुक्तको संलग्नता, प्रमाणको अवस्था, कसूर र सजायको दावी फरक फरक रुपमा गर्नूपर्नेमा सवै मुद्दामा त्यसरी प्रस्ताव गरेको अवस्था देखिदैन ।

८. सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएका ९ थान मुद्दामध्ये ४ थान मुद्दामा अनुसन्धानकर्ताले निर्देशन अनुसारको कार्य पूरा गरेको देखिन्छ भने १ थान मुद्दामा आंशिक रुपमा निर्देशनको कार्यान्वयन गरेको देखिन्छ । ४ थान मुद्दामा सरकारी वकीलको निर्देशन पूरा गरेको देखिदैन । यसमा अनुसन्धानकर्ताको भूमिका प्रभावकारी बन्न नसकेको देखियो ।

९. अध्ययन गरिएका ३० मुद्दाका मिसिल मध्ये २८ मुद्दामा सवै आरोपित उपर सरकारी वकीलबाट मुद्दा चलाउने गरी निर्णय भएको देखियो । २ थान मुद्दामा केही अभियुक्त उपर मुद्दा नचलाउने र केहीको हकमा चलाउने गरी आशिक निर्णय भएको देखियो । मुद्दा चलाउने विषयमा अनुसन्धानकर्ताको राय र सरकारी वकीलको निर्णयमा समानता रहेको पाइयो ।

१०. आंशिक रुपमा मुद्दा चलाउने निर्णय गरिएका २ थान मुद्दामा आवश्यक कागजात सहितको जानकारी सरकारी वकील कार्यालयबाट माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनुपर्नेमा सो कार्य भएको देखिएन ।





११. सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएपछि अभियोगपत्र तयार गरी दायर गर्न लामो समय लागेको देखियो । २२ थान मुद्दामा मुद्दा चलाउने निर्णय भएको ३ दिनभित्र अनुसन्धानकर्ताले वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग पत्र दायर गरेको देखिन्छ भने ४ थान मुद्दामा ७ दिनभित्र र ४ थान मुद्दामा ७ दिनपछि अभियोग पत्र दायर गरेको देखिन्छ ।

१२. अभियोगपत्रमा कसूर र सजायको मागदावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको देखिन्छ । अनुसन्धानकर्ताको दक्षता र सरकारी वकीलको निर्णयका आधारमा दावी लिने कार्यले दावीमा प्रष्टता रहेको भन्न सकिन्छ ।

१३. अध्ययन गरिएका सबै मुद्दाको अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको प्रष्ट विवरण उल्लेख गरेको देखिएको छ भने अभियोगपत्रमा अनुसन्धानकर्ताको पूरा नाम, दर्जा, कार्यालय समेत स्पष्ट खुलाइएको अवस्था देखिन्छ । यस विषयमा अनुसन्धानकर्ता सजग रहेको देखिन्छ ।

१४. अध्ययन गरिएका सबै मुद्दाको अभियोगपत्रमा सरकारी वकीलको अभियोजन सम्बन्धी निर्णयका आधारमा नै अभियोगपत्र दायर भएको देखिन्छ । सरकारी वकीलको निर्णय भन्दा फरक दावी लिई अभियोग दायर गरेको कुनैपनि मुद्दामा पाइएन ।

## ४.१.४. लागू औषध सम्बन्धी मुद्दा

१. लागू औषध सम्बन्धी मुद्दामा अपराध भएकै दिन अपराध सम्बन्धी सूचना प्रहरी कार्यालयमा दिइएको पाइयो । प्रहरीले लागू औषध बरामद गर्ने र बरामद गरी प्रतिवेदन सहित पेश गर्ने भएको हुँदा अपराध भएकै दिन जाहेरी परेको देखिन्छ ।

२. लागू औषध मुद्दाको प्रारम्भिक प्रतिवेदन छिटो सरकारी वकील कार्यालयमा पठाएको अवस्था देखिदैन । अध्ययन गरिएका २७ थान मुद्दामा ३ दिनभित्र प्रारम्भिक प्रतिवेदन पठाएको देखिन्छ भने १ थान मुद्दामा प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाएको सम्म पनि देखिदैन ।

३. प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा दर्ता भै ८ थान मुद्दामा अनुसन्धानका लागि सरकारी वकीलले अनुसन्धानकर्तालाई निर्देशन दिएको देखियो भने १९ थानमा कुनै निर्देशन दिएको वा दिनुनपर्ने भनी जनाई राखेको देखिदैन । निर्देशन दिने कुरामा सरकारी वकीलले आवश्यक देखेकोमा मात्रै दिने गरेको भन्न सकिने स्थिति रहेको पाइयो ।

४. अभियुक्तहरुको वयान अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष गराउने कानुनी व्यवस्थाको प्रयोग सवै मुद्दामा भएको पाइयो ।

५. अभियुक्तको बयानमा अभियुक्तको नाम, थर, वतन, कसूरमा संलग्नता, अन्य अभियुक्तको विवरण र कसूरमा संलग्नता लगायतका खुलाउन आवश्यक पर्ने विवरण पूरा खुलाइएको अवस्था





२७ थान मुद्दामा देखियो भने १ थान मुद्दामा आवश्यक विवरण खुलाइएको अवस्था देखिएन ।

६. कुनै पनि मुद्दामा अनुसन्धानका क्रममा प्रहरीले सरकारी वकील समक्ष निर्देशन माग गरेको देखिएन । अनुसन्धानकर्ताले निर्देशन माग गर्नुपर्ने आवश्यकता नदेखेको प्रष्ट देखियो ।

७. मिसिल अध्ययन गर्न लाग्ने पर्याप्त समय अर्थात तीन दिन वा सो भन्दा बढी अबधि बाकी राखी सरकारी वकील समक्ष अनुसन्धानकर्ताले फाइल पठाएको देखियो ।

८. अध्ययन गरिएका २८ थान मुद्दा मध्ये ११ थान मुद्दामा राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलबाट थप अनुसन्धान गर्न निर्देशन दिएको अवस्था देखियो भने भने १७ थानमा निर्देशन दिएको देखिएन ।

९. अनुसन्धानकर्ताले अनुसन्धान गरिएका सबै अभियुक्तहरु उपर मुद्दा चलाउन प्रस्ताव गरिएको देखियो भने सरकारी वकीलले २ थान मुद्दामा कसै उपर मुद्दा चलाउने र कसै उपर मुद्दा नचलाउने गरी राय निर्णय गरेको देखियो । यसबाट प्रमाणको आधारमा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गरेको अवस्था देखिन्छ ।

१०. सक्कल मिसिल साथ अभियोजनका लागि प्रमाण लाग्न सक्ने लागू औषध बरामद भएका सामाग्री, नमुना राखेका खोल लगायत दशी प्रमाणको रुपमा पेश गर्न सकिने बस्तु सक्कल मिसिल साथ संलग्न

गरी पठाएको देखिएन । सरकारी वकीलले समेत माग गरेको अवस्था देखिएन ।

११. आंशिक रुपमा मुद्दा चलाउने निर्णय भएकोमा निर्णय, अनुसन्धानकर्ताको राय सहितका कागजात माथिल्लो निकायमा पठाउनु पर्नेमा यस्तो निर्णय गरिएका मुद्दामा आवश्यक कागजात सहितको जानकारी सरकारी वकील कार्यालयबाट माथिल्लो सरकारी वकील कार्यालयमा पठाएको देखिएन ।

१२. राय सहित मिसिल प्राप्त भएकोमा सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय गर्न ३ दिन वा सो भन्दा बढी अबधि लागेको देखियो ।

१३. अभियुक्तको नाम थर वतन सबै मुद्दामा खुलेको देखियो भने अभियुक्तको गाँउ, टोल अभियुक्तको नागरीकता नं. तथा फोन नं. उल्लेख गरेको देखिएन । फरार अभियुक्तको हकमा कुनैपनि मुद्दामा अभियुक्तको गाँउ, टोल खुलेको देखिदैन ।

१४. पटके खुलेकोमा थप सजायको मागदावी लिएको पाइयो । अभियोजन गर्दा पटक पटक अपराध गर्नेलाई थप सजायको दावी लिनु पर्ने कानुनी व्यवस्थाको पालना गरेको देखियो ।

१५. अधिकांश मुद्दाको अभियोगपत्रमा अभियुक्तहरुको संयुक्त कसूर उल्लेख गरी अभियोग दावी गरिएको देखियो । यसबाट अभियुक्तको कसूर र दावी प्रति अभियुक्त छुट्टा छुट्टै रुपमा उल्लेख गरी दावी लिनुपर्ने कुरामा सरकारी वकील उदासीन रहेको देखियो ।





१६. अधिकांश मुद्दामा कसूरको भएको मिति, समय, स्थान र वारदात पुष्टि हुने गरी अभियोगपत्रमा व्यहोरा उल्लेख गरेको देखिन्छ भने केही मुद्दाको अभियोगपत्रमा वारदात मिति, समय, स्थान र वारदात समेतका कुरा पुष्टि हुने गरी उल्लेख गरेको देखिएन । सवै मुद्दाको अभियोगपत्रमा यो विषय उल्लेख प्रष्ट उल्लेख हुनुपर्ने अवस्थामा त्यसको पालना भएको पाइएन ।

१७. धेरै मुद्दाको अभियोगपत्रमा कसूर सम्बन्धी तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरेको देखिन्छ भने न्यून संख्याको मुद्दामा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको पाइएन ।

१८. अभियुक्तहरु उपर लागू औषधको कारोवारमा दावी लिँदा सेवन तर्फ समेत दावी गरेको अवस्था देखिएन । यसमा कानूनी व्यवस्थाको पालना भएको नै देखियो

१९. अभियोगपत्रको गवाह र सबुद प्रमाण खण्डमा प्रतिवेदक, देख्ने, सुन्ने र बुझिएका मानिस भनी उल्लेख गरेको देखियो । प्रतिवेदक, देख्ने, सुन्ने साक्षीको नाम थर प्रष्ट रुपमा उल्लेख गरेको कुनैपनि मुद्दामा पाइएन । यसले कुन व्यक्ति अभियोजनको गवाह वा साक्षी हो भन्ने प्रष्ट हुन सक्दैन । सबुद प्रमाण खण्डमा साक्षी प्रमाण उल्लेख गर्ने कुरामा सरकारी वकीलले ध्यान पुऱ्याउन नसकेको अवस्था देखियो ।

२०. अध्ययन गरिएका सवै मुद्दाको अभियोगपत्रमा अभियोगपत्र दायर गर्ने अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको अवस्था देखियो ।

## ४.२ .निष्कर्ष

अभियोजनको कार्य फौजदारी न्याय प्रणालीको महत्वपूर्ण पाटो हो । अभियोजनको उद्देश्य अपराधबाट पीडितलाई न्याय र अपराध गर्ने व्यक्तिलाई कानून बमोजिम दण्डित गर्न वस्तुनिष्ट रुपमा कसूरमा संलग्नता पुष्टि हुने पर्याप्त प्रमाणका आधारमा गर्नु हो । पर्याप्त प्रमाणको अभावमा पनि अभियोजन हुने गरेको, सरकारी वकीलबाट अभियोजन गर्दा सही र प्रभावकारी अभियोजन हुने नगरेको, अपराधसँग प्रमाणको सम्वन्धलाई विश्लेषण नगरीने गरेको, कतिपय अवस्थामा सरकारी वकीलले चलाउनुपर्ने मुद्दा पनि अभियोजन नगर्ने गरेको तथा अभियोजनमा लापरवाही समेत हुने गरेको भन्ने गुनासाहरु सुनिने गरेका सन्दर्भमा अभियोजन सम्बन्धमा सरकारी वकीलबाट भएका काम कारवाहीको फाईलबाटै अनुसन्धान गरी परीक्षण गर्न र देखिएका त्रुटी पहिल्याउन केही मुद्दाका अभियोजन कार्यलाई हेर्ने प्रयास यस अध्ययनमा गरिएको छ । यस अध्ययनमा देखिएका तथ्यहरुले अभियोजन र यससँग सम्बन्धित क्रियाकलापहरुमा केही सकारात्मक स्थिति देखिन आएको छ भने केही त्रुटीपूर्ण कार्य भएका पनि देखिन्छन । त्यसमा सुधार गर्न सकिने प्रशस्त संभावनाहरु पनि छन । यसका लागि सरकारी वकील र अनुसन्धानकर्ता बीचको निरन्तर समन्वय, जिम्मेवारीलाई बोध गर्ने परिपाटीको विकास, कामप्रतिको लगनशिलता र मेहनत, कानुनी व्यवस्था र जारी निर्देशनको पालना गर्ने रुचि र जागरुकता जस्ता विषयले पनि महत्व राख्दछ । यसका अलावा सरकारी वकीलको क्षमता विकास, दक्षता अभिबृद्धिजस्ता कुराले पनि अभियोजन कार्यमा सुधार ल्याउन मद्दत गर्दछ । अध्ययनले देखाएका समस्यालाई सम्बोधन गर्न सकेमा अभियोजन कार्यमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।





## ४.३. सुझाव

१. अनुसन्धानकर्ताले प्रारम्भिक प्रतिवेदन सरकारी वकील कार्यालयमा यथासमय छिटो पठाउने, सरकारी वकीलले त्यसमा तत्काल कारवाही गरी निर्देशन दिनुपर्ने भए प्रष्ट रुपमा अनुसन्धान गर्ने बुँदा उल्लेख गरी निर्देशन दिने र निर्देशन दिनु नपर्ने भए सोही व्यहोरा जनाई प्रारम्भिक प्रतिवेदन अभिलेखवद्ध गरी राख्ने ।

२. अभियुक्तहरुको बयानमा अभियुक्तको नाम, थर, वतन, संलग्नता, अन्य अभियुक्तको विवरण र निजहरुको कसूरमा संलग्नता, भूमिका, पहिचान खुल्ने विवरण खुलाउने र सो कुरालाई समर्थन गर्ने कागजात समेत खोजी गर्ने र मिसिलमा राख्ने तथा अभियुक्तको बयान लिने कार्यमा अनावश्यक ढिलाई हुन नदिने तर्फ ध्यान दिन उपयुक्त हुने ।

३. अभियोजनको निर्णय गर्ने कार्यमा सरकारी वकीलबाट अनावश्यक ढिलाई नगरी अनुसन्धान पूरा भएका मिसिलमा छिटो छरितो निर्णय गरी तत्काल अभियोगपत्र दायर गर्नुपर्ने हुन्छ । यसले सरकारी वकील प्रति विश्वास बढ्न जाने अपेक्षा गर्न सकिन्छ ।

४. अभियोगपत्रमा अभियुक्तहरुको वतन प्रष्ट रुपमा खुलाउनु सरकारी वकीलको कर्तव्यभित्र पर्दछ । यसबाट म्याद तामेल हुन, मुद्दा चलाइएको व्यक्ति पहिचान गर्न र फैसला कार्यान्वयन गर्न समेत सजिलो हन्छ । अभियोगपत्र साथ अभियुक्तहरुको फोटो, परिचय खुल्ने कागज समावेश गर्ने, फरार अभियुक्तहरुको हकमा पनि संभव भएसम्म प्रष्ट वतन खुलाउने, फोटो राख्ने, नागरीकता नं., फोन नं.

उल्लेख गर्न सकेमा यसले अभियोजनलाई प्रभावकारी बनाउन मद्दत पुग्दछ ।

५. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरणमा प्रष्ट रुपमा उल्लेख गर्ने साथै गवाह तथा साक्षीको नाम, थर, वतन प्रष्ट रुपमा उल्लेख गरी लेख्ने परिपाटीको सरकारी वकीलले विकास गर्ने ।

६. अभियोगपत्रमा अभियोग लगाउदा प्रति अभियुक्त कसूर, दावी र प्रमाणको उल्लेख गरी अभियुक्तले गरेको कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गर्ने कार्यमा सरकारी वकीलले पर्याप्त मात्रामा ध्यान दिन सकेको नदेखिदा यसमा सुधार ल्याउन सरकारी वकीललाई अभियोजन सम्बन्धी तालिम प्रदान गर्ने ।

७ कतिपय कसूरमा अभियुक्तलाई थप दायित्व र अवस्था अनुसार सजायमा छुट हुने (नैतिक पतन, पटके सजाय, जिकिरको सौदावाजी) व्यवस्था गरेको सन्दर्भमा सरकारी वकीलले दावी लिँदा यसतर्फ ध्यान दिई अभियोजन गर्ने परिपाटीको विकास गर्ने । यी कुराहरु अभियोजनकर्ताका लागि प्रदान गरीने अभियोगपत्र लेखन लगायतका प्रशिक्षण कार्यक्रममा समावेश गर्ने तर्फ अभियोजन प्रशिक्षण केन्द्रले प्रबन्ध गर्ने ।

८. आंशिक रुपमा मुद्दा चलाउने निर्णय भएकोमा त्यस्तो निर्णय, अनुसन्धानकर्ताको राय सहितका कागजात माथिल्लो निकायमा पठाउनु पर्ने कानुनी व्यवस्थाको पालना गर्नेतर्फ महान्यायाधिवक्ताको कार्यालयले मातहत सरकारी वकीललाई थप





निर्देश गर्ने र सो पालना भए नभएको पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयले अनुगमन गर्ने ।

९. जाहेरवाला/पीडितको व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने कार्यविधिको अनिवार्य पालना गर्ने गराउने तर्फ सरकारी वकील अझ बढी सजग भै कार्य गर्नुपर्ने देखिन्छ ।

१०. अभियोगपत्रमा तथ्य र प्रमाण नदोहोरिने गरी छोटो र संक्षिप्त बनाउने तथा कसूर र दण्ड सजायको दावी प्रष्ट रुपमा उल्लेख गरी तयार गर्ने । अभियोगपत्रमा अपराध भएको मिति लगायत अभियुक्तका विवरणहरु (नाम, थर, वतन, टोल, परिचय खुल्ने नागरीकता नं. मतदाता नं. आदि) सम्भव भएसम्म प्रष्टरुपमा खुलाई अभियोजन कार्य गर्न सरकारी वकीलले ध्यान दिनु आवश्यक देखिन्छ ।

११. बुँदा नं १ देखि ५ सम्म र बुँदा नं ८, ९, १० र ११ मा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालयले मातहत सरकारी वकीललाई परिपत्र वा निर्देशन जारी गर्न सकिन्छ भने बुँदा नं ६ र ७ को कार्यान्वयनका लागि सरकारी वकीललाई प्रशिक्षण प्रदान गर्न आवश्यक देखिन्छ ।

१२. मुद्दामा गरिएको अभियोजन परीक्षण सम्बन्धी अध्ययन यस्ता अनुसन्धानलाई निरन्तरता दिन आवश्यक देखिन्छ । यसले अभियोजनमा देखिएका सबल र दुर्वल पक्षको पहिचान हुने, अभियोजन कार्यको अनुगमन हुने, अभियोजनको वास्तविक अवस्था चित्रण हुने र सुधारका उपाय अबलम्बन गर्न मद्धत पुग्दछ ।

# अनुसूची

# तथ्यांक संकलन गर्न तयार गरिएका प्रश्नावलीहरू

## १ अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दा

१. अपराध भएको कति समय पछि सूचना दिइएको छ ?

क) अपराध भएकै दिन ख) अपराध भएको ७ दिन
ग) अपराध भएको ७ दिन पछि

२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति दिन पछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ?

क) उसै दिन ख) ३ दिन भित्र
ग) ७ दिन भित्र घ) नपठाएको

३. प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले सोमा के कारवाही गरेको छ ?

क) प्रारम्भिक प्रतिवेदन दर्ता गरेको
ख) प्रारम्भिक प्रतिवेदन दर्ता नगरेको
ग) निर्देशन दिएको
घ) निर्देशन दिनु नपर्ने भनी जनाई राखेको

४. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कँहा गराइएको छ ?

क) सरकारी वकील कार्यालयमा ख) पक्राउ नै नपरेको





५. पक्राउ परेको मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको कति दिनभित्र लिइएको छ ?

क) पक्राउ परेको दिन ख) पक्राउ परेको ३ दिनभित्र
ग) पक्राउ परेको ३ दिनभित्र घ) पक्राउ परेको ७ दिनपछि

६. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?

क) आवश्यक पर्ने विवरण पूरा खुलाइएको
ख) आवश्यक पर्ने विवरण नखुलाइएको

७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।

क) ३ दिन भित्र ख) ३ दिन भन्दा बढी

८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।

क) निर्देशन दिएको संख्या ख) निर्देशन नदिएको संख्या

९. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१०. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

११. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?

क) सोही दिन ख) ३ दिन भित्र
ग) ३ दिन पछि

१२. मुद्दा चलाउने निर्णय भएको कति दिन भित्र अभियोगपत्र दायर भएको छ ?

क) निर्णय भएकै दिन ख) निर्णय भएको ३ दिनभित्र

१३. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?

क) अभियुक्तको नाम थर वतन खुलाइएको
ख) गाँउ, टोल खुलाइएको
ग) नागरीकता नं उल्लेख नभएको
घ) फोन न. नखुलेको

१४. अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश छ छैन ?

क) फोटो राखेको ख) फोटो नराखेको





१५. अभियोगपत्रमा केश व्यहोरा कसरी उल्लेख गरिएको छ ?

क) अनुसन्धानकर्ताको राय अनुसार
ख) केही परिमार्जन
ग) पुरै परिमार्जन गरेको

१६. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?

क) प्रति अभियुक्त छुटट्। छुट्टै रुपमा उल्लेख गरिएको
ख) गोश्वरा रुपमा दावी गरेको

१७. अभियोगपत्रमा कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गरिएको छ छैन ?

क) सिलसिलेवार रुपमा प्रस्तुत गरेको
ख) सिलसिलेवार रुपमा प्रस्तुत नगरेको

१८. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?

क) विश्लेषण गरेको ख) विश्लेषण नगरिएको

१९. अभियोगपत्रमा माग दावी गर्दा प्रति अभियुक्त दावी लिई सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको ख) उल्लेख नगरिएको

२०. मुद्दा चलाउन पर्याप्त प्रमाण नरहेको अवस्था छ छैन ?

क) मुद्दा चलाउन पर्याप्त प्रमाण रहेको
ख) मुद्दा चलाउन पर्याप्त प्रमाण नरहेको

२१. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको ख) उल्लेख नगरिएको

२२. गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा कसरी उल्लेख गरिएको छ ?

क) जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी
ख) जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख गरी

२३. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?

क) खुलाइएको ख) नखुलाइएको

## २ मानव वेचविखन तथा ओसारपसार मुद्दा

१. पीडितले जाहेरी दिएको कति दिन भित्र बयान प्रमाणित भएको छ ।

क) जाहेरी परेको दिन
ख) जाहेरी परेको तीन दिन भित्र
ग) जाहेरीमा मिति नभएकोले उल्लेख गर्न नसकिएको

२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति समय पछि तहकिकात शुरु भएको छ ।

क) दर्ता भएको ३ दिनभित्र
ख) दर्ता भएको ७ दिनभित्र





३. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति समयपछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ।

क) ३ दिनभित्र ख) ७ दिनभित्र

४. प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले सो प्रतिवेदनमा के गरेको छ ।

क) दर्ता गरी फाइल गरेको ख) निर्देशन दिएको

५. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कहाँ गराइएको छ ?

क) सरकारी वकील कार्यालयमा ख) पक्राउ नै नपरेका

५. पक्राउ मुद्दाका अभियुक्तहरुको वयान पक्राउ परेको कति दिनभित्र लिइएको छ ?

क) पक्राउ परेको दिन ख) पक्राउ परेको ३ दिनभित्र
ग) पक्राउ परेको ३ दिनभित्रघ) पक्राउ परेको ७ दिनपछि

६. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?

क) आवश्यक पर्ने विवरण पूरा खुलाइएको
ख) आवश्यक पर्ने विवरण केही मात्र खुलाइएको

७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।

क) ३ दिन बाँकी रहदा ख) स्पष्ट नभएको

८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।

क) निर्देशन नदिएको संख्या     ख) निर्देशन दिएको संख्या

९. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आंशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१०. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आंशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

११. मुद्दा चलाउने निर्णय भएको कति दिन भित्र अभियोगपत्र दायर भएको छ ?

क) निर्णय भएकै दिन     ख) निर्णय भएको ३ दिन भित्र

१२. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?

क) सोही दिन     ख) हिरासतमा राख्ने म्याद सम्ममा
ग) नखुलेको     घ) अन्य





१३. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?

क) नाम, थर, वतन खुलाइएको
ख) गाँउ टोल खुलाइएको
ग) नागरीकता नं खुलाइएको
घ) मोवाईल न. नखुलाइएको

१४. अभियोगपत्रसाथ अभियुक्तहरुको फोटो वा परिचय खुल्ने कागज समावेश छ छैन ?

क) फोटो राखेको मुद्दा संख्या
ख) फोटो नराखेको मुद्दा संख्या

१५. अभियोगपत्रमा केश व्यहोरा कसरी उल्लेख गरिएको छ ?

क) अनुसन्धानकर्ताको राय अनुसार
ख) केही परिमार्जन गरेको
ग) पुरै परिमार्जन गरेको

१६. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?

क) प्रति अभियुक्त दावी र कसूर उल्लेख गरेको
ख) गोश्वरा दावी गरिएको संख्या

१७. अभियोगपत्रमा कसूर, तथ्य र प्रमाणको विश्लेषण सिलसिलेवार रुपमा गरिएको छ छैन ?

क) सिलसिलेवार रुपमा गरिएको
ख) सिलसिलेवार रुपमा नगरिएको

१८. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?

क) विश्लेषण गरिएको संख्या
ख) विश्लेषण नगरिएको संख्या

१९. अभियोगपत्रमा माग दावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको संख्या
ख) उल्लेख नगरिएको संख्या

२१. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह र साक्षीको नाम कसरी उल्लेख गरिएको छ ?

क) जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी
ख) जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख गरिएको

२२. हाल प्रचलित ऐन लागू हुनुपूर्वको अपराध भए कसूर सजायको दावी कसरी लिइएको छ ?

क) पुरानो ऐनको मात्र दावी गरिएको
ख) नया ऐनको मात्र दावी गरिएको

२३. कसूर अनुसार दावी लिइएको छ छैन ?

क) कसूर अनुसार दावी लिईएको
ख) कसूर अनुसार दावी फरक लिईएको





२४. मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसार हुने थप सजायको मागदावी लिएको छ छैन ?

क) लिइएको ख) लिनुपर्ने अवस्था नभएको

२५.अभियुक्त उपर नैतिक पतन देखिने फौजदारी कसूर गरेको दावी लिइएको छ छैन ?

क) लिइएको संख्या ख) नलिएको संख्या

२६. पीडितको पहिचान सम्बन्धी विवरण गोप्य राख्ने प्रकृया अबलम्बन गरिएको छ छैन ?

क) गरिएको ख) नगरिएको

२७. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?

क) खुलाइएको ख) नखुलाइएको

## ३ वैदेशिक रोजगार मुद्दा

१. अपराध भएको कति समयमा जाहेरी दर्खास्त दिइएको छ ?

क) अपराध भएको १ महिनाभित्र
ख) अपराध भएको ३ महिनाभित्र
ग) अपराध भएको १ वर्ष भित्र
घ) १ वर्षपछि

२. जाहेरी वा अपराधको सूचना कसबाट परेको छ ?

क) पीडितबाट ख) पीडितका आफन्तबाट

३. जाहेरी दर्खास्तसाथ रकम बुझिलिएको भर्पाइ पेश भएको छ छैन ?

क) पेश भएको ख) पेश नभएको

४. रकम बुझिलिएको भरपाईमा के प्रयोजनका लागि भनी रकम बुझेको उल्लेख छ ?

क) वैदेशिक रोजगारमा पठाउने उल्लेख
ख) अन्य
ग) भर्पाइ नभएको

५. रकम बुझिलिएको भरपाईमा वैदेशिक रोजगारीमा पठाउने देश उल्लेख छ छैन ?

क) देश उल्लेख भएको ख) देश उल्लेख नभएको

६. अभियुक्तको बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?

क) आवश्यक पर्ने विवरण पूरा खुलाइएको
ख) आंशिक विवरण खुलाइएको
ग) आवश्यक पर्ने विवरण नखुलाइएको





७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।

क) ३ दिन बाँकी रहँदा
ख) १० दिन बाँकी रहदाँ
ग) धरौटीमा रहेको
घ) अन्य मुद्दामा हिरासतमा रहेको र नखुलेको

८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।

क) निर्देशन दिएको संख्या ख) निर्देशन नदिएको संख्या

९. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१०. रायमा प्रतिवादी पिच्छे कसूर र सजायको दावी प्रस्ताव गरिएको छ छैन ?

क) सवै उपर एउटै दावी गरिएको
ख) प्रतिवादी पिच्छे फरक

११. सरकारी वकील कार्यालयबाट निणर्य पूर्व दिएको निर्देशन पूरा भएको छ छैन ?

क) पूरा भएको
ख) आंशिक रुपमा पूरा भएको
ग) पूरा नभएको

१२. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१३. आशिक मुद्दा चलाउने निर्णय भएकोमा कागजात सहित माथिल्लो निकायमा पठाएको छ छैन ?

क) पठाएको संख्या ख) नपठाएको संख्या

१४. मुद्दा चलाउने निर्णय भएको कति दिन भित्र अभियोगपत्र दायर भएको छ ?

क) निर्णय भएको दिन ख) निर्णय भएको ३ दिनभित्र
ग) ७ दिन भित्र घ) ७ दिन पछि

१५.अभियोगपत्रमा माग दावी गर्दा सम्बन्धित कानुनी व्यवस्था प्रष्ट रुपमा उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको ख) उल्लेख नगरिएको

१६.अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको प्रष्ट विवरण उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको ख) उल्लेख नगरिएको





१७. अभियोगपत्रमा अनुसन्धानकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?

क) खुलाइएको ख) नखुलाइएको

१८. अभियोजनको निर्णय अनुसार अभियोगपत्र दायर भएको छ छैन ?

क) निर्णय अनुसार दायर भएको
ख) फरक अभियोग लगाई दायर गरेको

## ४. लागू औषध सम्बन्धी मुद्दा

१. अपराध भएको कति समय पछि सूचना दिइएको छ ?

क) अपराध भएकै दिन ख) अपराध भएको ७ दिनभित्र

२. जाहेरी वा अपराधको सूचना दर्ता भएको कति दिन पछि प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाइएको छ ?

क) अपराध भएकै दिन
ख) अपराध भएको ३ दिनभित्र
ग) मिसिल सामेल नरहेको

३. प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले सोमा के कारवाही गरेको छ ?

क) प्रारम्भिक प्रतिवेदन दर्ता गरेको
ख) प्रारम्भिक प्रतिवेदन दर्ता नगरेको
ग) निर्देशन दिएको
घ) निर्देशन नदिएको वा दिनु नपर्ने भनी जनाई राखेको ।

४. मुद्दामा पक्राउ परेको अभियुक्तहरुको वयान कँहा गराइएको छ ?

क) सरकारी वकील कार्यालयमा
ख) प्रहरी कार्यालयमा

५. बयानमा आवश्यक पर्ने अभियुक्तको विवरण, संलग्नता, तथ्य, सबुद प्रमाण लगायतका आवश्यक विवरण खुलाइएको छ छैन ?

क) आवश्यक पर्ने विवरण पूरा खुलाइएको
ख) आवश्यक विवरण नखुलाइएको

६. अनुसन्धानका क्रममा प्रहरीले सरकारी वकील समक्ष निर्देशन माग गरेको छ छैन ?

क) निर्देशन माग गरेको
ख) निर्देशन माग नगरेको

७. राय सहितको मिसिल पक्राउ परेको अभियुक्तलाई हिरासतमा राख्ने कति दिन बाँकी रहदा सरकारी वकील कार्यालयमा पठाएको छ ।

क) ३ दिन वा सो भन्दा कम दिन बाँकी रहँदा
ख) ३ दिन भन्दा बढी दिन बाँकी रहदाँ

८. राय सहितको मिसिल प्राप्त भएपछि थप अनुसन्धान गर्न निर्देशन दिएको छ छैन ।

क) निर्देशन दिएको संख्या
ख) निर्देशन नदिएको संख्या





९. अनुसन्धानकर्ताको प्रस्तावित राय कस्तो रहेको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१० सक्कल मिसिलसाथ लागू औषध बरामद भएका सामाग्री, नमुना राखेका खोल राखे नराखेको के छ ?

क) राखेको
ख) नराखेको

११. सरकारी वकील कार्यालयबाट अभियोजन सम्बन्धमा कस्तो निर्णय भएको छ ?

क) सबै अभियुक्त उपर मुद्दा चलाउने
ख) आशिक मुद्दा चलाउने
ग) मुद्दा नचलाउने

१२. आशिक मुद्दा चलाउने निर्णय भएकोमा कागजात सहित माथिल्लो निकायमा पठाएको छ छैन ?

क) पठाएको
ख) नपठाएको

१३. अनुसन्धान अधिकृतको राय प्राप्त भएको कति दिनमा मुद्दा चलाउने निर्णय भएको छ ?

क) सोही दिन
ख) ३ दिन भित्र
ग) ३ दिन पछि

१३. अभियोगपत्रमा अभियुक्तहरुको (फरार रहेको समेत) वतन प्रष्ट खुलाइएको छ छैन ?

क) नाम, थर, वतन खुलाइएको
ख) गाँउ टोल खुलाइएको
ग) नागरीकता नं. नखुलाइएको
घ) मोवाईल नं. नखुलाइएको

१४. अभियुक्तको पटके खुले नखुलेको र पटकेमा दावी गरिएको छ छैन ?

क) पटके नखुलेको
ख) पटके खुलेको र मागदावी लिएको

१५. अभियोगपत्रमा प्रति अभियुक्त दावी र कसूर प्रष्ट उल्लेख गरिएको छ छैन ?

क) प्रति अभियुक्त दावी र कसूर उल्लेख गरेको
ख) संयुक्त कसूर उल्लेख गरी दावी गरिएको

१६. अभियोगपत्रमा वारदात मिति, समय, स्थान र वारदात पुष्टि हुने गरी व्यहोरा उल्लेख गरिएको छ छैन ?

क) पुष्टि गरिएको
ख) पुष्टि नगरिएको

१७. अभियोगपत्रमा तथ्य र प्रमाणको यथेष्ट विश्लेषण गरिएको छ छैन ?

क) विश्लेषण गरिएको संख्या
ख) विश्लेषण नगरिएको संख्या





१८. अभियोग दावी लिँदा लागू औषधको कारोवार र सेवन दुवैको दावी लिइएको छ छैन ?

क) दुवै दावी लिएको
ख) दुवै दावी लिएको

१९. अभियोगपत्रको सबुद प्रमाण खण्डमा गवाह, साक्षी, दशी प्रमाणको विवरण उल्लेख गरिएको छ छैन ?

क) उल्लेख गरिएको
ख) उल्लेख नगरिएको

२०. गवाह र साक्षीको नाम सबुद प्रमाण खण्डमा कसरी उल्लेख गरिएको छ ?

क) जाहेरवाला, देख्ने, सुन्ने र बुझिएका मानिस भनी
ख) जाहेरवाला र साक्षीको नाम, थर वतन प्रष्ट उल्लेख

२१. अभियोगपत्रमा अभियोजनकर्ताको पूरा नाम, दर्जा, कार्यालय स्पष्ट खुलाइएको छ छैन ?

क) पूरा नाम, दर्जा, कार्यालय खुलाइएको
ख) पूरा नाम, दर्जा, कार्यालय नखुलाइएको